गौरी मासिक

GAURI MASIK

ISSN 2091-1629

वर्ष २५, अङ्क ६, २०८२ फागुन पूर्णाङ्क २३८

मूल्य रु. ४५/-

निरन्तर २३८ औं अङ्क

सहस्त्रलिङ्ग

दशरथचन्द नगरपालिका -४, देवलहाट, बैतडी

भगवान् शिव विशेष...

भावातीत ध्यान

भावातीत ध्यान के हो ?

महर्षि महेश योगीज्यू प्रणित भावातीत ध्यान एक सरल, सहज, स्वाभाविक, प्रयासहीन एवं वैज्ञानिक पद्धति हो । यो कुनै पनि अवस्थामा आरामसँग बसेर गर्न सकिन्छ । विश्वभरका १३३ देशका २५० भन्दा बढी विश्वविद्यालयहरूमा ६०० भन्दा बढी वैज्ञानिक अध्ययन तथा अनुसन्धानहरूबाट प्रमाणित यो पद्धति विश्वभरमा ६० लाख भन्दा धेर व्यक्तिहरूले नियमित रूपमा अभ्यास गरिरहेका छन् ।

भावातीत ध्यान (Transcendental Meditation) का विशेषताहरू :

१. भावातीत ध्यान सरल, सहज, स्वभाविक, प्रयासहीन एवं वैज्ञानिक छ । यो शीघ्र प्रभावकारी छ ।

२. भावातीत ध्यान सिक्न तथा अभ्यास गर्न खानपिन, रहनसहन तथा जीवनयापनमा कुनै परिवर्तनको आवस्यकता पर्दैन, न त आफ्नो विश्वास परिवर्तन गर्न जरूरी छ । भावातीत ध्यान जुनसुकै जाति, धर्म तथा विचारधारा भएका सबै देशका नागरिकले सजिलै सिकेर र यसको नियमित अभ्यासद्वारा लाभ उठाउन सक्दछन् ।

भावातीत ध्यानमा के हुन्छ ?

भावातीत ध्यानमा चञ्चल मन शान्त हुँदै अत्यन्त सुक्ष्मस्तरबाट कार्य गर्न थाल्दछ । मन तथा विचारको अवस्था अनुसार हाम्रो शारीरिक अवस्था हुने भएकोले हाम्रो शरीरले पनि गहन विश्राम प्राप्त गर्दछ । शरीरले प्राप्त गर्ने गहन विश्रामले गर्दा मानव जीवनका विभिन्न क्षेत्रमा फाइदाहरु प्राप्त हुन सुरू गर्दछ ।

भावातीत ध्यानबाट हुने लाभहरू

नियमित रूपमा भावातीत ध्यानको अभ्यासले जीवनको समग्र क्षेत्रमा फाइदा पुग्दछ । भावातीत ध्यानका लाभहरूलाई वैज्ञानिक अनुसन्धानहरूले प्रमाणित गरेका छन्:

क) मानसिक क्षमताको विकास

१. तीक्ष्ण बुद्धि एवं गहन समझदारीको विकास हुन्छ

२. धेर विषयवस्तुप्रति चिन्तन गर्ने शक्तिको विकास हुन्छ

३. स्मरणशक्तिको वृद्धिको साथै दुर्बलता, उत्तेजना एव चिडचिडापन हटेर भावनात्मक सन्तुलन बढ्दछ ।

४. सिर्जनशीलता, व्यावहारिक बुद्धिमत्ता तथा गणितीय क्षमतामा वृद्धि हुन्छ ।

ख) स्वास्थ्यमा सुधार

१. स्नायुप्रणालीमा गहन विश्राम उपलब्ध हुनाले तनाव विलीन हुन्छ। स्नायुप्रणाली शुद्ध हुन्छ । व्यक्ति आफ्नो 'स्व' मा स्थित हुन्छ र पूर्ण स्वस्थ हुन्छ ।

२. रोग प्रतिरोध क्षमता बढ्छ । तम्बाकु, बिडी, सिगरट, रक्सी र लागू औषधको आदत बिस्तारै बिस्तारै छुट्छ ।

३. मुटु तथा स्वासको गति एवं चयापचयको दर (Metabolic Rate) मा कमी आई उच्च तथा न्यून रक्तचाप एवं मुटुरोगलाई बढी फाइदा पुगेको पाईएको छ ।

४. चिन्ता र नकारात्मक समस्याहरु (इन्जाइटी र डिप्रेशन) समाधान हुन्छ ।

ग) सामाजिक व्यवहारमा सकारात्मकता

१. सहनशीलता बढ्छ । २. नैतिक परिपक्वताको विकास हुन्छ ।

३. अरूलाई सहयोग गर्ने भावना जागृत हुन्छ ।

४. व्यक्तिको आध्यात्मिक विकास हुन्छ ।

घ) समाजमा सकारात्मक प्रभाव र विश्व शान्तिमा योगदान

कुनै पनि समाज तथा देशको जनसंख्याको १ प्रतिशत मानिसले मात्र भावातीत ध्यान गरेमा त्यस समाज तथा देशमा दुर्घटना कम हुन्छ, अस्पताल भर्ना हुने संख्यामा कमी आउँछ, आपराधिक घटनाहरु कम हुन्छन् र समाजमा भाइचाराको सम्बन्ध सुदृढ हुँदै सामन्जस्यतामा वृद्धि हुन्छ । समाज तथा देशको सामूहिक चेतनामा सहसम्बद्धता बढ्दै सात्विकतामा वृद्धि हुन्छ ।

भावातीत ध्यान कसका लागि ?

भावातीत ध्यान ती व्यक्तिहरूका लागि हो जसले मानसिक क्षमतामा अभिवृद्धि गर्दै सुदृढ शारीरिक एवं मानसिक स्वास्थ्य चाहन्छन् । साथै ती व्यक्तिहरूका लागि हो जो तनाब एवं चिन्ताबाट मुक्त भएर जीवनमा प्रगति, विकास, सुख, शान्ति र सन्तुलनका अभिलाषी छन् । याद राख्नुहोस्ः भावातीत ध्यान कुनै धर्म नभएर मानवीय चेतनाको आधारमा प्रवर्तित एक विज्ञान हो । यसबाट जीवनमा सुख, शान्ति, समृद्धि र सन्तुलनको विकास हुन्छ ।

भावातीत ध्यानमा गरिएको अनुसन्धानको एउटा नमूना

56% Decrease in Hospitalization Rate in All Categories of Disease

Through Transcendental Meditation



Psychosomatic Medicine 49 (1987): 493–507

भावातीत ध्यानको आवासीय कार्यक्रमः

२ रात र ३ दिन

शुल्क रू १० हजार (आवास, खाना र ध्यान सहित)

स्थानः महर्षि वैदिक इन्चिटच्युट, ब्रह्मानन्द सरस्वती ग्राम, दक्षिणकाली न.पा.-१ बोसन

सम्पर्क मोवाइलहरुः

९८५१०१३०२२ दीपकप्रकास बास्कोटा, अध्यक्ष (पूर्व गृहराज्यमन्त्री)

भावातीत ध्यान शिक्षकहरुः

९८५७०८०७८७ भरतराज पौडेल, ९८५१०३९४७४ माधव अर्याल, ९८५१००३८९४ मीनराज अधिकारी ।

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
सह-सम्पादक
भागवतश्री न्यौपाने (९८१३०१०२०२)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
पार्वती सेढाईं
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस
अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।
एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-
ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।
यस पत्रिकामा प्रकाशित लेख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

सम्पर्क कार्यालय
मैतीदेवीमार्ग, सेतोपुल, काठमाडौं
फोन नम्बर- ०१-४५३४१४१
इमेलः- masikgauri@gmail.com / gauri_2062@yahoo.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)
सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)
नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)
वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५
देवघाटधाम, तनहुँ ९८५१०३०९७२
मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५
कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरू कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष २१, अङ्क ६, २०८२ पूर्णाङ्क २३८

फागुन २०८२

शुक्रबार	१	८	१५	२२	२९
शनिवार	२	९	१६	२३	३०
आइतवार	३	१०	१७	२४	गौरी
सोमबार	४	११	१८	२५	गौरी
मङ्गलबार	५	१२	१९	२६	गौरी
बुधवार	६	१३	२०	२७	गौरी
बिहीबार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।
कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति

सम्पर्कः ९८४१५३३७८७, ९८०३८८८६६७ ९८५१०५३६०१

संक्षिप्त महाभारत

अघिल्लो अंकबाट क्रमशः

कच र देवयानीको कथा

भोलिपल्ट दरबारमा सभाको आयोजना गरिएको थियो । त्यही सभामा शुक्राचार्यले राजा वृक्षपर्वालाई भने- 'म अब तिम्रो राज्यमा बस्दिन, किनकि मेरो शिष्य कचलाई दानवहरूले नानातरहले मार्ने षड्यन्त्र गरे । मेरी छोरीलाई पनि तिम्री छोरीले इनारमा घचेटेर मार्ने प्रयास गरिन् । अब मेरी छोरी यो राज्यमै बस्दिन भन्छिन् । त्यसैले म मात्र यहाँ बस्ने कुरै भएन ।' शुक्राचार्यको यस्तो कुरा सुनेपछि राजा छाँगाबाट खसेजस्तै भए । केही उपाय निस्कन्छ कि भन्ने हेतुले वृषपर्वा आफ्नी छोरीलाई सँगै लिएर देवयानीलाई भेट्न गए ।

उता देवयानी भने सिंहिनी जस्तै रिसले आगो भएर बसेकी थिइन् । राजा स्वयंले हरेक किसिमले माफी माग्दा पनि देवयानी मान्ने पक्षमा थिइनन् । अन्त्यमा देवयानीले एक सर्त राख्दै भनिन् 'मेरो विवाह भएपछि राजकन्या मेरै दासी भएर जानुपर्छ ।' यस्तो कठोर सर्त सुनेर उनी भस्किइन् । तर आफ्ना वावुका अनन्य सल्लाहकार नै शुक्राचार्य भएकाले शुक्राचार्यलाई खुसी पार्नुपर्ने बाध्यतावश मुटुमा गाँठो पारेरै भएपनि शर्मिष्ठाले सर्त स्वीकार्नै पर्‍यो । नत्र राजाको मुख्य शक्तिका रूपमा रहेका शुक्राचार्य आफ्ना वावुका हातबाट गुम्ने थिए ।

समयको कुरा हो । राजा ययाति जङ्गलमा शिकार खेल्न जाँदा उनको देवयानीसँग फेरि भेट भयो । देवयानीको रूपबाट उनी ज्यादै प्रभावित भए । देवयानी पनि आफूलाई इनारबाट निकाली प्राण बचाइदिने राजासँग भेट हुँदा खुशी नहुने कुरै भएन । त्यसपछि देवयानीले रघुकुलका राजा ययातिसँग विवाहको प्रस्ताव फेरि राखिन् । तर राजा ययातिले तिमी ब्राह्मण कन्या म क्षत्रिय, यो विवाह हुन सक्दैन भनेपछि देवयानीले भनिन्- "हेर्नुहोस् महाराज ! म तपाईंलाई प्रेम गर्छु र तपाईले पनि मलाई प्रेमपूर्वक इनारबाट तानी ज्यान बचाउनुभयो । त्यसै दिनदेखि तपाईंलाई मैले मनमनै पति मान्दै आएकी छु । त्यसैले तपाईले मसँग विवाह गर्नैपर्छ" भनेर धेरै आग्रह गर्दै अड्डी नै कसिन् ।

त्यसपछि देवयानीले राजा ययातिलाई आफ्ना पिता भए ठाउँ लगिन् र विवाह गरिदिन अनुरोध गरिन् । शुक्राचार्यले आफ्नी छोरीको कुरा काट्नै सक्दैन थिए । त्यसैले उनले छोरीको विवाह राजा ययातिसँग धुमधामसँग गरिदिए । विदाइ हुँदै गर्दा पहिलेको सर्त अनुसार वृक्षपर्वाले आफ्नी छोरी शर्मिष्ठालाई दासीका रूपमा पठाइदिए । शर्मिष्ठा दासीका रूपमा दरवारमा रहन थालिन् ।

राजकुमारी शर्मिष्ठा अति सुन्दरी र सुशील थिइन् । दरवारमा सबै काम मन लगाएर गर्थिन् । ययातिलाई उनको बानीबेहोरा मन पर्न थाल्यो । त्यसैले राजाले शर्मिष्ठालाई गोप्यरूपमा आफ्नी पत्नी बनाए । यो कुरा जब देवयानीले थाहा पाइन्, आफ्नी दासी सौता बन्नआएको हुँदा उनी रिसले उग्र भइन् । उनले रूँदै कराउँदै आफ्ना वावुलाई सबै वृत्तान्त बताइन् ।

यस्तो कुरा सुनेर गुरू शुक्राचार्य रिसले आगो भए । उनको दरवारमा पुगेर आफ्नी छोरीमाथि सौता हाल्ने राजा ययातिलाई तुरून्तै बूढो हुने श्राप दिए । बिचरा राजा उमेरै नपुगी तत्काल बूढो भए । श्राप परेपछि गुरू शुक्राचार्यसँग निकै बिन्तीभाउ गर्दै 'त्यसबाट मलाई मुक्त गरिदिनोस्' भनी अनुनय विनय गरे । पछि शुक्राचार्यलाई पनि केही दया लाग्यो । जे हुनु भैहाल्यो आफ्नु ज्वाइ हो उसैले मेरी छोरी बचाएको पनि हो, कुनै उपायबाट सहयोग गरिदिनुपर्‍यो भन्ने मनमा लागेर भने- 'हेर ययाति ! मेरो श्राप त्यसै खेर जाँदैन । एउटा उपाय छ, त्यो के भने तिम्रो बुढ्यौली कसैले लिएर आफ्नो जवानी तिमीलाई दियो भने तिमी पहिले जस्तै जवान हुन सक्छौ ।' यति भनेर शुक्राचार्य त्यहाँबाट हिँडे ।

मानिसलाई अनेकौं सङ्कट आइलाग्छन् भनेजस्तै अकस्मात् राजाले ठूलो पीडा खप्नुपर्‍यो । अब त्यो समस्या समाधान कसरी गर्ने होला भनेर ययातिको मनमा अनेक तर्क वितर्क निस्के । त्यस्तो कुरा जो कोहीलाई भन्दा पनि स्वार्थी भन्लान् भन्ने डर । त्यसमा पनि आफू बूढो बनेर आफ्नै यौवन अरूलाई कसले देला र ? क्रमशः

प्रस्तुतिः केदारनाथ खनाल,

भीमसेनथापा- ३, तान्द्राङ, गोरखा

सम्पादकीय

महाशिवरात्रि पर्व व्यवस्थापन

भगवान् शिव लिङ्गरूपमा प्राकट्य हुनुभएको पावन तिथि (फागुन कृष्ण चतुर्दशी)लाई महामहाशिवरात्रि पर्वको रुपमा मनाइने चलन छ । श्रीपशुपतिनाथ भगवान् शिवको निराकार रुप (लिङ्गरूप)मा पुजिने चलन भएकोले महाशिवरात्रि भगवान् पशुपतिनाथको सबैभन्दा महत्वपूर्ण पर्व हो । त्यसैले महाशिवरात्रिका अवसरमा भगवान् पशुपतिनाथ विराजित पवित्र पाशुपत क्षेत्रमा लाग्ने मेला केवल पशुपति क्षेत्रको मात्र नभइ काठमाडौं उपत्यकाकै ठूलो धार्मिक मेलाको रूपमा परिचित छ ।

वि.सं. २०८२ सालको महाशिवरात्रि पर्व यही फागुन ३ गते परेको छ । पाशुपत क्षेत्रमा आउने स्वदेशी तथा विदेशी श्रद्धालु भक्तजन, दर्शनार्थी एवम् तीर्थयात्रीहरुलाई शान्तिसुरक्षा तथा सेवा सुविधा प्रदान गरी भव्य सभ्य, दिव्य एवम् सुव्यवस्थित ढंगले सम्पन्न गर्न पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्ले कोष सञ्चालक परिषद्का अध्यक्ष एवम् माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री अनिलकुमार सिन्हाको अध्यक्षतामा १७१ सदस्यीय महाशिवरात्रि पर्व व्यवस्थापन मूल समारोह समिति र सोही अन्तरगत रहने गरी विभिन्न ९ उपसमिति गठन गरेको छ । नयाँ र पुराना गरी दर्जनौ धार्मिक तथा सामाजिक संस्थाले कोषले निर्माण गरेका विभिन्न उपसमितिमा आवद्ध भई शिवरात्रिका अवसरमा आउने भक्तजनलाई सेवा र सुविधा दिन भन्दै स्वास्थ्य, सरसफाई, भोजन, आवास लगायतका क्षेत्रमा सहयोग गर्ने प्रतिवद्धता जनाएका छन् ।

पर्वलाई व्यवस्थित रूपमा सञ्चालन गर्न विगतका कमीकमजोरीको समीक्षा गर्दै ती समस्याको निराकरण गरी अगाडि बढ्नु जरुरी छ । पशुपति क्षेत्र विकास कोषले यस पटक विभिन्न उपसमिति अन्तरगत रहेर सेवा गर्ने संघसंस्थाको निम्ति आचारसंहिता निर्माण गरेको जनाएको छ । आचारसंहिताले व्यक्ति तथा संस्थालाई निश्चित नियममा बाध्ने हुँदा कार्यान्वायन पक्ष बलियो भयो भने अवश्य पनि यसले सकारात्मक परिणाम दिनेमा आशावादी हुन सकिन्छ । अस्तु,

यसभित्र

अविच्छिन्न

संक्षिप्त महाभारत — केदारनाथ खनाल — २

सम्पादकीय — ३

कविता

देवदेश नेपाल — चेतनारायण लामिछाने — ४

स्तुति

पशुपति विनय — प्रा.डा. माधव भट्टराई — ५

महाशिवरात्रि विशेष

-शिव कसलाई भन्ने ? — हरिप्रसाद सोडारी — ७

-शिव नै जीव.... — वेदाचार्य सन्तोष न्यौपाने — १०

-जगत् प्रकाशक.... — सहप्रा. डा. बिनुबाबा अर्याल — ११

-शिवका अनेक... — रामप्रसाद धिताल — १५

-मानिसका हात..... — भगवत्दासी हिरा पाण्डे — १८

-हिमवत्खण्ड.... — प्रेममान डंगोल — २१

-शिव परिवार — भुवनराज सुवेदी 'शास्त्री' — २२

-सांस्कृतिक धार्मिक..... — श्रीकृष्ण डंगोल — २३

आध्यात्मिक वार्ता

श्रीरामकृष्ण तथा.... — श्रीमहेन्द्रनाथ गुप्त श्री'म' — २५

चिन्तन

ब्रह्मवाचक .. — पं. वेदप्रसाद पन्त — २७

समसामयिक

धर्म संस्कृति..... — प्रा.डा. देवमणि भट्टराई — २९

ज्योतिष

उत्तरायण र..... — गणेश लम्साल — ३२

गतिविधि — ३४

देवदेश नेपाल

चेतनारायण लामिछाने

वैकुण्ठाधिपति त्रिलोकपति नै ब्रह्माण्डका नायक
गीता भारत वेदशास्त्र सबका ज्ञाता तथा गायक ।
शालिग्राम बनेर आउनुभयो श्रीगण्डकीकाखमा
पाऊँ जन्म म बारबार भगवन् ! यै देश नेपालमा ॥१॥

कैलाशाधिपति स्वयं पशुपति श्रीपार्वती साथमा
गर्छन् नित्य विहार शैलबिचमा श्रीधाम नेपालमा
ब्रह्मा इन्द्र मरूद्गणादि सुर जो रम्छन् यही स्थानमा
पाऊँ जन्म म बारबार भगवन् ! यै देश नेपालमा ॥२॥

जन्मे बुद्ध जहाँ तथा जनकले बाले दियो ज्ञानको
हिंसा दूर गरे, गरे सुरू यहीँ अध्यात्मको ध्यानको ।
प्रादुर्भाव भयो यसै भुवनमा श्रीजानकी रूपमा
पाऊँ जन्म म बारबार भगवन् ! यै देश नेपालमा ॥३॥

कर्णाली अनि कौशिकी कलकलै भेरी र राप्ती पनि
बग्छन् नित्य जहाँ पवित्र सरिता नारायणी गण्डकी ।
पार्छन् शोभित नित्य पुष्करहरू फेवा र रारा यहाँ
पाऊँ जन्म म बारबार भगवन् ! यै देश नेपालमा ॥४॥

भाषा संस्कृति छन् अनेक थरिका संस्कार भिन्नै तर
छन् एकै जनता सुराष्ट्र बलियो निर्माणका खातिर ।
छन् सर्वोच्च विशाल शैल हिमका सौन्दर्य खानी यहाँ
पाऊँ जन्म म बारबार भगवन् ! यै देश नेपालमा ॥५॥❖

-महर्षि वेदव्यास संस्कृत माध्यमिक विद्यालय
व्यास-३ दमौली, तनहुँ



पशुपति विनय

प्रा. डा. माधव भट्टराई

अनादिं चिन्मात्रं भवभजलधितारं सुखकरं
हृदाकाशावासं हिमगिरिसुताकान्त ममरम् ।
अनन्तं विश्वेशं सुरमुनि समाराधितपदं
भजे भक्त्या शम्भुं भवभयकृतान्तं पशुपतिम् ॥१॥

वसन् नेपालेऽत्र प्रथितनगरे रक्षकतया
समग्रं नेपालं प्रभुवर भवान् पालयति भोः ।
अतो लोकाधारं मम च परमोद्धारकगुरुं
भजे भक्त्या शम्भुं भवभयकृतान्तं पशुपतिम् ॥२॥

पशून् पासि प्रेम्णा 'पशुपति' रतस्त्वं निगदितो
जगद्व्याप्नोसि त्वं परमगुरु रेवं सुविदितः ।
अतस्त्वां पातारं परमगति दातारमपि च
भजे भक्त्या शम्भुं भवभयकृतान्तं पशुपतिम् ॥३॥

जगत् कर्तुं धर्तुं नियतिवशतो हर्तुमपि च
क्षमस्त्वं लिङ्गस्थो ह्यपरिमित शक्त्या विलससि ।
अतः सर्वात्मानं गुणगरिमसामार्थ्यमहितं
भजे भक्त्या शम्भुं भवभयकृतान्तं पशुपतिम् ॥४॥

भवः शर्वो रुद्रः पशुपतिरथोग्रः सुगणितो
महादेवो भीमः परिगणित ईशान इति च ।
इमा मूर्तीरष्टौ वपुषि धृतवन्तं सुरगुरुं
भजे भक्त्या शम्भुं भवभयकृतान्तं पशुपतिम् ॥५॥

अहं मूर्खोऽज्ञानी विशयनिरतचश्र्चलमति
स्त्वदीयं शारण्यं समधिगतवान् भाग्यवशतः ।
प्रभो शम्भो शूलिन् गमय सुगतिं मामिति जपन् ।
भजे भक्त्या शम्भुं भवभयकृतान्तं पशुपतिम् ॥६॥

त्रिनेत्रः पञ्चास्यः पशुपतिरुमावल्लभ इति
जगत्स्वामी भिक्षुर्भुजगमहितो दिक्पटतनुः ।
विरोधित्वं सर्वं त्वयि मम पशोः पालनपरं
भजे भक्त्या शम्भुं भवभयकृतान्तं पशुपतिम् ॥७॥

पिता माता वन्धुर्हृदयतलवासी सहचराः
गतिर्दाता भोक्ता विपदि परिपाता गुरुकरः ।
अभिन्नः सम्बन्धो जनि जनिषु वेविद्यत इति ।
भजे भक्त्या शम्भुं भवभयकृतान्तं पशुपतिम् ॥८॥

जगत्पूज्या भार्या निरतिशयलावण्यलसिता
षडास्यो हस्त्यास्यस्तव सुतवरौ चित्रचरितौ ।
मयूराखुव्यालादिकपरिवृतोऽसीत्यभयदं
भजे भक्त्या शम्भुं भवभयकृतान्तं पशुपतिम् ॥९॥

भवं त्यक्त्वा काङ्क्षे भवपदमहं नित्यसुखदं
शमं त्यक्त्वा याचे गुरुचरणसन्निध्यमचलम् ॥
शिवं ध्याये नित्यं शिवमनुजपेऽहं प्रतिपलं
भजे भक्त्या शम्भुं भवभयकृतान्तं पशुपतिम् ॥१०॥

तव ध्यानं पूजां जपमपि न जानामि विधिना
न योगं सेवां वा सततमनुतिष्ठामि भगवन् ।
न जाने त्वत्त्वं गहनमनुशील्यं बुधजनै-
र्भजे भक्त्या शम्भुं भवभयकृतान्तं पशुपतिम् ॥११॥

त्वदीयो दासोऽहं मम जडपशुत्वं व्यपनय
मदीयः स्वामी त्वं सुकृतचरिते मां सुघटय ।
द्वयोरन्योन्यत्वं स्फुरति मिथ आकाशवसन
भजे भक्त्या शम्भुं भवभयकृतान्तं पशुपतिम् ॥१२॥

भवान् पारावारो जलकणमयोऽहं परिमितः
सदैवाङ्गाङ्गित्वं जल-जलधिवन्निश्चितमतः ।
न शोच्यं पार्थक्यं प्रभुरणुरिति प्रार्थ्य सततं
भजे भक्त्या शम्भुं भवभयकृतान्तं पशुपतिम् ॥१३॥

गजाननं दीप्तिकरं भवानीं
महेश्वरं विष्णुमनन्त रूपम् ।

अर्चामि सर्वानपि पञ्च देवान्
पश्याम्यभेदेन गुरुस्वरुपान् ॥१४॥

प्रसन्नचित्तः प्रभुभक्तिरक्तः
सुकर्मसक्तः प्रणतो विरक्तः ।
प्रारब्धभोक्ता विनयी तटस्थः
शम्भु प्रसादेन भवामि तुष्टः ॥१५॥

शिवं समाराध्य करोमि कार्यं
शिवं समाश्रित्य वसामि नित्यम् ।
ॐकारमूलं गुरुमन्त्रमाप्य
'नमः शिवाये' ति जपाम्यजस्रम् ॥१६॥

कः शम्भु श्रुतिमहितो ह्यवाच्यबोध्यः
को बालो जडशठधीः वृथाः श्रमाप्तः ।
स्वाम्यग्रे फलति निवेदितं कदाचिद्
व्याधोऽपि प्रभुकृपया भवं ततार ॥१७॥

नेपाले कृतवसतेर्जगन्नियन्तु-
रादेशात्, पशुपतिनाथदेवशम्भोः ।
सद्गाथा, नवरचनापदावलीषु
सन्नद्धा खलुकविमाधवेन भक्त्या ॥

इतिश्रीमाधवभट्टराईविरचितं पशुपतिविनयस्तोत्रं सम्पूर्णम् ।❖



शिव कसलाई भन्ने ?

हरिप्रसाद सोडारी

ब्रह्माण्डको उत्पत्ति नहुँदै, पृथ्वीमा प्राणी एवम् प्रकृतिमा प्राण नआउँदै, सबै शिवमा लुकेका थिए ।[१] कोही नहुँदा पनि शिव थिए[२] । शिवमा सबै रहन्छन् र नष्ट हुँदा यहीँ विलिन हुन्छन् । कहिल्यै नाश नहुने ऊर्जापूञ्ज, ब्रह्माण्डका सञ्चालक, शक्तिका स्रोतलाई शिव भनिन्छ । वैदिक शास्त्रहरूले ब्रह्मालाई सृष्टिकर्ता, विष्णुलाई पालनकर्ता एवम् महादेवलाई संहारकर्ताका[३] रूपमा वर्णन गरेका छन् । यी सबैका उत्पत्तिकर्ता शिव (ब्रह्म) हुन् । एउटै ब्रह्म(शिव)का विभिन्न रूप र नाम भएकाले ऋग्वेदले– 'एकं सद् विप्रा बहुधा वदन्ति भनेको छ । ब्रह्म, परमात्मा, हर[४], परब्रह्म जे भने पनि शिव हुन् । सत्व, रज र तम तीन गुणयुक्त भएर पनि शिव गुणरहित हुनुहुन्छ[५] । शिवलाई निराकारमा परमात्मा, साकारमा शिवलिङ्ग, ध्वनिमा 'ॐ', मन्त्रमा 'ॐ नमः शिवाय'का रूपमा बुझिन्छ । कुलार्णवतन्त्र (९।४२)ले पाशले बाधिएकोलाई जीव, पाशमुक्त गर्नेलाई शिव भनेको छ । ॐ र श्रीको मिश्रण, प्रकृति र पुरुषको एकाकार स्वरूप, मन्त्र, तन्त्र र यन्त्रको सार नै शिव हो । शिव नै सबैका गुरू, नाथ, प्रभू हुन्, शास्त्र पनि शिवबाट आएका हुन्, म र प्रपञ्च पनि शिव नै हो अर्थात् शिवभन्दा भिन्न केही छैन ।[६]

यः शिवः सर्वगः सूक्ष्मश्चोन्मना निष्कलोऽव्ययः ।
व्योमाकारो ह्यजोऽनन्तः स कथं पूज्यते प्रिये ॥

–कुलार्णवतन्त्र (१३।५१)

अर्थात् "शिव सर्वव्यापी, सूक्ष्म, उन्मना, निष्कल, अव्यय, आकाशको जस्तो आकार, अजन्म र अनन्त हुनुहुन्छ भने उहाँको पूजा कसरी सम्भव छ ?" । शिवलाई श्रद्धा, परम्परा, विश्वास, बुद्धिको तीक्ष्णता, विवेकको क्षमताअनुसार पूज्छन्, बुझ्छन् र चिन्तन गर्छन् । ब्रह्मणो द्वे रूपे मूर्तञ्चामूर्तञ्च अर्थात् त्यो परमतत्त्व ब्रह्म (शिव)लाई मूर्त (आकार) र अमूर्त (निराकार) दुवै रूपमा लिइन्छ । केशी (जटावाला)ले अग्निको धारण गर्नुभएको छ, जटावाला (महादेव)ले जलको पनि धारण गर्नुभएको छ, जटावालाले पृथ्वीको धारण गर्नुभएको छ, विश्वको धारण गर्नुभएको छ र उहाँलाई ज्योति भनिन्छ ।[७] "शेते प्रलयकाले चराचरञ्जगत् अस्मिन् इति शिवः" अर्थात् प्रलयकालमा चराचर जगत् एवम् त्यसमा विद्यमान समस्त प्राणी जसमा बस्छन् त्यसलाई शिव भनिन्छ । शिवकै अंशबाट सृष्टि भएका देवीदेवताले सृष्टि, पालन, लय, सञ्चालन गर्छन् । निष्कल परब्रह्म नै शिव हो, जसले सबै जान्दछ, सबै काम गर्दछ, जो ज्ञानस्वरूप, अनादि, अनन्त र निर्विकार छ ।[८] महर्षि वेदव्यासले 'शि' को अर्थ समग्र पाप नाश गर्ने, 'व' को अर्थ मोक्ष गर्ने भन्नुभएको छ ।[९] आगामी, सञ्चित र प्रारब्ध कर्मले जन्माएकाहरू धर्म एवम् पापको नाशपछि मोक्ष हुन्छन् । मोक्ष दिनेलाई शिव भनिन्छ । शिवशब्दमा 'श्' को अर्थ आनन्द, 'इ'को अर्थ पुरुष, 'व'को अर्थ अमृतस्वरूप हुन्छ[१०] । जसले सबैलाई नित्य सुख, अखण्ड आनन्द दिन्छ त्यसलाई शिव भनिन्छ । सुख क्षणिक हुन्छ, आनन्दले कहिल्यै दुःख आउन दिँदैन । पद, पैसा, सन्तानलगायतका धनले सुख दिन्छ । सन्तोष, सेवा, ज्ञान आदिले आनन्द दिन्छन् । धनले निश्चित समयसम्म सन्तुष्ट गराउँछ तर सम्पत्तिले अनन्तकालसम्म आनन्द दिन्छ । आनन्द भनेकै शिव (परमात्मा) हो । शिव नै आत्मा हो, आनन्दको भण्डार हो । जन्म, कर्म, सुख, दुःख मुक्ति दिने भएकाले शिवलाई दाता, धाता र विधाताको पनि मालिक भनिन्छ ।

स एष हरिरित्यास्ते भवत्येष पितामहः ।
चन्द्रार्कइन्द्रवरुणोयमोवैश्रवणोनलः ॥

–योगवासिष्ठरामायण, (निर्वाणप्रकरण, उत्तरार्द्ध ८२।२१)

अर्थात् "त्यो परमात्मा शिवबाट विष्णु, ब्रह्मा, चन्द्र, सूर्य, इन्द्र, वरूण, यम, कुबेर तथा अग्निले रूप धारण गर्छन् ।" देखेका र नदेखेका सबै शिव हुन् । पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रियद्वारा बुझ्न नसकिने हुँदा शिवतत्त्वलाई व्याख्यामा सुनेर, मूर्तिमा देखेर, ग्रन्थमा पढेरमात्र जान्न सकिँदैन । शिवतत्त्वलाई साधना, संगत र शास्त्रबाट अनुभूत गरी शिवकै कृपाबाट बोध गर्न सकिन्छ । ऋषिमुनि र देवीदेवताले

मात्र होइन रावण[११], विभीषण, मयलगायतका राक्षसहरूले इष्टसिद्धिका लागि शिवको पूजा, उपासना र ध्यान गरेका थिए । अगस्त्य, दधीचि, विश्वामित्र, उपमन्यु, शतानन्द, गौतम, दुर्वासा, ऋष्यश्रृङ्ग, वेदव्यास आदि शिवका उपासक हुन् । वेदव्यासले घण्टाकर्णबाट पाशुपतधर्मको दीक्षा लिए । काशीस्थित कर्णघण्टा उनैबाट नामकरण भएको किंवदन्ती छ । शिवलाई शान्ति, कल्याण र अद्वैतको समष्टि मानिन्छ ।[१२] जहाँ शान्ति छ, त्यहाँ वैभव हुन्छ, उन्नति हुन्छ, रामराज्य हुन्छ अनि शिवचिन्तनका मार्गहरू देखिन्छन् ।

कलि वास्तवमा घोर अज्ञान, अन्याय, अनिष्ट र अन्धकारको युग हो । सत्ययुगमा एउटा हिरण्यकश्यपु, त्रेतामा एउटा रावण, द्वापरमा एउटा दुर्योधन र कंश हुँदा पनि पृथ्वीलाई जोगाउन, धर्मलाई बचाउन भगवान्ले अवतार लिनुपर्‍यो । कलियुगमा हजारौँ महिषासुर, रक्तबीज, रावण, होलिका, पुतना एवम् कंशहरू गल्लीगल्ली र घरघरमा सर्वत्र पाइन्छन् । कुनै पनि वर्ण शुद्ध छैनन्, जातहरू दूषित छन्, थरहरूमा वर्णशंकर बढेका छन्, हरेक पूज्य स्थलहरू प्रतिदिन ऊर्जा विहीन भइरहेका छन्, संस्कार टुट्नाले प्रत्येक धर्मगुरू, सन्तानले बाटो छोड्दा अभिभावकहरू दुःखी हुँदैछन् । कुनै पनि कर्म शास्त्र मर्यादाअनुसार गरिँदैन, अग्रज र पूज्यको आदर छैन । यो अत्यास, विडम्बना र विकृतिबाट बच्न शिवलाई पुज्नु र बुझ्नुपर्छ । नेपाल शैवभूमि भएकाले हरेक विपत्तिबाट जोगिन शिवको शरणमा जानुपर्छ, उपासना र अनुष्ठान गर्नुपर्छ । धर्म र सत्कर्म भनेको पिपलका वृक्षजस्तै हुन्, जसलाई हुर्कन, बढ्न र प्रतिफल दिन समय लाग्छ । पाप भनेको वनमारा वा वर्षायाममा पलाउने झार हो, जो तुरून्तै उम्रन्छ, फैलन्छ र नासिन्छ । अशान्ति र अनिकालबाट छुट्कारा पाउन, पाप र परचक्रीको दबाबबाट मुक्त हुन शिवको नाम, शिवलिङ्गको पूजन, शैवक्षेत्रको दर्शन आवश्यक छ । जो भक्तिपरायण भएर नित्य शिवलिङ्गको पूजा गर्दछ, त्यसले सबै सिद्धि पाउनेछ, कहिल्यै पापले छुँदैन ।[१३] शिव अद्वैत भएकाले पूर्ण र सम्पूर्ण हुन् । द्वैतमा शंका उठ्छ, भेद हुन्छ, तेरो र मेरो हुन्छ ।

शिवरूपी बिउबाट उम्रिएको वृक्षका हाँगा, पात, फल, फूल आदिलाई लोक, प्रकृति, प्राणी भनिन्छ । शिवबाट सर्वप्रथम उत्पत्ति भएका महादेवलाई पहिलो देवता मानेर शंकरका नामले चिनिन्छ । एकाक्षरीकोषका अनुसार 'शं' को अर्थ 'आनन्द', 'कर' को अर्थ 'गर्ने' हुन्छ । शंकरले सबैलाई आनन्द, खुशी र सुख प्रदान गरेकाले महादेव भनियो ।

अहिले पनि सन्तानलाई बुबाआमाको नामबाट, शिष्यलाई गुरुको नामबाट चिनाइन्छ । यसकारण महादेवलाई शिवको नामले चिनियो । अहिले पनि फलानोको छोरा, यसको विद्यार्थी भन्ने चलन प्रयोग हुँदैआएको छ । संसारको विनाश न्यायपूर्ण तरिकाले गर्ने हुँदा शिवबाट पहिले महादेव उत्पन्न हुनुभयो । त्यसपछि विष्णु, ब्रह्मा र महादेवलाई कार्य गर्न प्रकृतिको आवश्यकता पर्ने हुनाले क्रमशः लक्ष्मी, ब्राह्मी र पार्वती (दशमहाविद्याकी प्रतिमूर्ति)को उत्पत्ति भयो । देवीदेवताको शरीर हुनेहुँदा देखिन्छ, बुझिन्छ तर शिव निराकार भएकाले अनुभव गर्न सकिएला साक्षात्कार गर्न सकिँदैन । 'म शिवतत्त्व जान्दिनँ, महेश कस्ता छन् थाहा छैन, हे महादेव ! तिमीजस्ता छौ, त्यस्तै तिमीलाई नमस्कार छ ।'[१४]

'शीङ् स्वप्ने' धातुबाट शिव शब्द बन्दछ । 'शेरते प्राणिनो यत्र स शिवः' अर्थात् जन्मजन्मान्तरका पाप र तापबाट तड्पिएका प्राणीहरू विश्राम वा मुक्तिका लागि जहाँ सुत्दछन्, बस्ने इच्छा गर्दछन्, त्यही सर्वाश्रयलाई शिव भनिन्छ । जीवात्माको विलयपछि आत्मामात्र रहन्छ, त्यही शिव वा कुटस्थ हो । अविनाशी, अचल, अक्षर जसलाई गीताले कुटस्थ[१५] (शिव) भनेको छ ।

तृष्णा लज्जा भयं दुःखं विषादो हर्ष एव च ।
एभिर्दोषैर्विनिर्मुक्तः स जीवः शिव उच्यते ॥

-योगशिखोपनिषत् (१।११)

अर्थात् "तृष्णा, लज्जा, भय, दुःख, विषाद, खुसी आदिले जसलाई छुँदैन वा जो यीबाट मुक्त छ, त्यसलाई शिव भनिन्छ ।" जो अबोध्य, अगम्य, अदृश्य हुँदाहुँदै पनि भक्तको वशमा छ, चिन्तकको ध्यानमा द्रवीभूत हुन्छ, शवरूपी अज्ञानी प्राणीलाई ज्ञानरूपी शिव बनाउँछ, ज्ञानको प्रकाश, विज्ञानको सुगन्ध, ध्यानको ध्येय नै शिव हो[१६] । जसलाई जानेपछि, बुझेपछि अर्को जान्न र बुझ्ने बाँकी हुँदैन तर ज्ञान, उपासना र भावबाट सजिलै प्राप्त हुनेलाई शिव भनिन्छ । देखेका, बुझेका, सुनेका र तीबाहेक सबै शिवका अंश हुन् । सबै धर्मग्रन्थले व्याख्या गरे, जो देखिँदैनन् तर जसको ईशारामा सारा कार्य भइरहेका छन्, त्यो निराकार शिव हो । साधकहरूले स्मरण, पूजा, भजन, चिन्तनबाट शिवको अनुभूति गर्छन् । शिवको ईशारामा ब्रह्मा, विष्णु र महादेवले काम गर्छन्, सरस्वती, लक्ष्मी र पार्वतीले जिम्मेवारी निभाउँछन्, ब्रह्माण्ड चलायमान हुन्छ । सृष्टि, पालन र संहारशक्ति जसमा छ, ऊर्जा र आत्मा जसमा रहन्छ, दृश्य र अदृश्य जसमा आश्रित छन् त्यही शिव हो । प्राणीका प्राण, प्रकृतिका इष्टदेव, जगत्का जनार्दन, जन्मको जरो, सृष्टिको श्वास, नेपालका कुलदेवतालाई शिव भनिन्छ ।❖

१. यदा नास्ति स्वयंकर्त्ता कारणं न जगत् बीजम् ।
अव्यक्तं च परं शिवं अनामा विद्यते तदा ॥ -तन्त्रात्मकरावणसंहिता, (सृष्टिरहस्य, प्रथमपटल १।१)
२. यदा तमस्तत्र दिवा न रात्रिर्न सन्न चासच्छिव एव केवलः ।- श्वेताश्तरोपनिषद् (४।१८)
३. कार्यं विष्णुः क्रिया ब्रह्मा कारणं तु महेश्वरः । प्रयोजनार्थं रुद्रेण मूर्तिरिका त्रिधा कृता ॥ -रुद्रहृदय उपनिषद्
४. ज्योतिर्हरः (निरुक्त ४।१९), सविता हरः (ऋग्वेद १०।१५८।२)
५. सृष्टौ ब्रह्मा स्थितौ विष्णुः प्रलये हररूपधृक् ।
रजःसत्त्वतमोभिश्च त्रिगुणैरगुणः प्रभो ॥-शिवपुराण, (रुद्रसंहिता, सतीखण्डः ३।३३)
६. शिवो गुरुः शिवो वेदः शिवो देवः शिवः प्रभुः । शिवोऽस्म्यशिवः सर्व शिवादन्यन्न किञ्चनः ॥-वराहोपनिषद् (४।३२)
७. केश्यग्निं केशी विषं केशी विभर्ति रोदशी । केशी विश्वं स्वर्दृशे केशीदं ज्योतिरुच्यते ॥-ऋग्वेद (१०।१३६।१)
८. अस्ति देवः परब्रह्मस्वरूपी निष्कलः शिवः । सर्वज्ञः सर्वकर्त्ता च सर्वेशो निर्मलोदयः ॥
स्वयंज्योतिरनाद्यन्तो निर्विकारः परात्परः। निर्गुण सच्चिदानन्दस्तदंशा जीवसञ्ज्ञकाः ॥ -कौलावलीनिर्णय (१।२५-२६)
९. पापघ्ने वर्तते शिश्च वश्च मोक्षप्रदे तथा । पापघ्नो मोक्षदो नृणां शिवस्तेन प्रकीर्तितः ॥-ब्रह्मवैवर्तपुराण (ब्रह्मखण्ड ६।५२)
१०. शं नित्यसुखमानन्दमिकारः पुरुषः स्मृतः । वकारः शक्तिरमृतं मेलनं शिव उच्यते ॥-शिवपुराण,(विद्येश्वरसंहिता १८)
११. यत्र यत्र च याति स्म रावणो राक्षसेश्वरः । जाम्बूनदमयं लिं तत्र तत्र स्म नीयते ॥-रामायण,(उत्तरकाण्ड ३१।४२)
१२. शान्तं शिवमद्वैतम् । -माण्डूक्योपनिषद् (७)
१३. योऽर्चयेच्छिवलिं वै नित्यं भक्तिपरायणः ।
तस्य वै सफला सिद्धिर्न स पापैः प्रयुज्यते ॥-शिवपुराण,(रुद्रसंहिता, सृष्टिखण्ड १२।२५)
१४. तव तत्त्वं न जानामि किदृशोऽसि महेश्वर । यादृशोऽसि महादेव तादृशाय नमो नमः ॥
१५. क्षरः सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते । -गीता (१५।१६)
१६. प्रतिष्ठालक्षसारसमुच्चय (१४।१-४) ।- नेपाल राजकीय पुस्तकालय ।

-खोप्लाङ, गोरखा

शिव नै जीव हुन्, जीव नै शिव हुन्

वेदाचार्य सन्तोष न्यौपाने

ॐनमः शम्भवायच मयोभवायच नमः शङ्करायच मयस्करायच नमः शिवायच शिवतरायच ॥

आनन्द प्रदानगर्ने, कल्याणकारक, आफ्ना भक्तहरूको पापनाश गरिदिने सबैका परमप्रीय मंगलरूप श्री शिवलाई मेरो नमस्कार छ ।

वेदः शिव शिवो वेदः । वेद नै शिव हो । शिव नै वेदस्वरूप हुनुहुन्छ । वेदका प्रत्येक मन्त्रहरू परमात्माका निश्वास हुन्, त्यसैले पूर्वीय संस्कार र संस्कृतिमा वेदको अनुपम महिमा छ । वेदका मन्त्रहरूद्वारा शिवको गुणानुवाद भएको छ । शिवार्चनाको लागि वेदबाटै रूद्राभिषेकको रूपमा दिव्य सय मन्त्रहरूको संग्रह अवतरित छ । शिवको जपात्मक, पाठात्मक, अभिषेकात्मक र हवनात्मक कार्यका लागि रूद्रीको प्रयोग गरिन्छ ।

शिवको स्वरूपलाई रूद्र पनि भनिन्छ । "रुतम् दुखम् द्रावयति नाशयति इति रुद्र" प्राणीहरूका दुःखलाई नाश गरिदिने, संसारलाई कल्याण गरिदिने शिव र रूद्र ब्रह्मका पर्यायवाची नाम हुन् । शिव शब्दलाई ईश्वर र जीवको प्रतिकात्मक रूपमा पनि लिइन्छ । शिव शब्दको ईकार अर्थात ईस्वर नहुँदो हो त शवमात्र बाँकी रहन्छ, जो यो संसारबाट निष्क्रिय रहेको जीवको शरीरलाई इङ्गित गर्दछ । त्यसैले शिव विनाको जीव नै अपूर्ण छ । जब संसारमा ठुला विपत्ति आइलाग्छन्, देवता, दानव, मनुष्य सबै शिवका शरणमा गएका कथाहरू पुराण र धर्मशास्त्रह(रूमा प्रस्त पाइन्छन् ।

संसारले नरूचाएका भूत, प्रेत, नन्दी, भृङ्गी, प्रमथगण सबै शिवका आश्रयमा शिवगण भएर कैलाशमा रहेको कुरा पुराणहरूले बताउँछन् । भगवान् शिव, माता पार्वतीका साथमा कैलाश पर्वतमा बस्नुहुन्छ । सृष्टि गर्ने ब्रह्मा, पालन गर्ने विष्णु, संहार गर्ने महेशका रूपमा उनै परमात्मा शिवलाई नै लिइन्छ । रूप अनेक तत्त्व एकै हो उहि शिव तत्त्व नै हो । शिवका विशेष आठ मूर्तिहरू छन्- भव, शर्व, पशुपति, इशान, रूद्र, उग्र, भीम, मह यी आठ रूपहरू ब्रह्माण्डका पूर्वादि आठ दिशाहरूमा व्याप्त छन् । शिवका साथमा वहान नन्दी रहन्छन् । विरभद्र कुवेर, कार्तिकेय, किर्तिमुख आदि रहन्छन् । गहनाको रूपमा वाशुकीनाग र रूद्राक्ष रहेकाछन् । बाघको छाला लगाएर खरानी घस्ने दिगम्वर शिवको रूप छ ।

शिव परिवारमा गणेश र कार्तिकेय हुनुहुन्छ । शिवको वहान नन्दी, माता पार्वतीको वहान बाघ, गणेशको वहान मुसो र कार्तिकेयको वहान मयुर हुन् । वाघले नन्दीलाई आहरा बनाउन सक्दछ, मयुरले मुसोलाई आह(रा बनाउन सक्दछ । तथापि समायोजनका साथ शि(वपरिवारमा अनौठो मेलमिलाप देखिन्छ ।

सह नाभवतु । सह नौ भुनक्तु । सह वीर्यं करवावहै । तेजस्वि नावधीतमस्तु मा विद्विषावहै ।

यो उपनिषद्को महान वाक्यले हामीलाई मेलमि(लापकै बाटोतिर अगाडि बढ्न प्रेरित गर्दछ । संसारका सबै आत्माहरू एकै हुन् भन्ने ज्ञान शिवपरिवारबाट लिन सकिन्छ । सबैका आत्मामा परमात्माको निगरानी छ । सबैको परोपकार गर्नु नै कल्याण हो । कल्याण नै शिवको स्वरूप हो । त्यस्तै संसारका सबै चिजहरूमा शिव तत्त्व व्याप्त छ ।❖

जगत् प्रकाशक शिव

सहप्रा. डा. बिनु बाबा अर्याल

जीवन एक आध्यात्मिक यात्रा र नित्य प्रक्रिया हो । सत्यको धरातलमा उभिएर शुष्म सत्तालाई बुझ्न सक्नुमा नै जीवनको रहस्य लुकेको छ । जसरी भौतिक संसारको गहिराईमा जाँदा बहुमूल्य हिरा मोती एवम् मणिहरू प्राप्त हुन्छन्, त्यसैगरी आध्यात्मिक संसारको ज्ञानमा डुबुल्की मार्दा मानव आत्माले अविनाशी अमूल्य खजाना र रत्नहरूलाई प्राप्त गर्दछ । आध्यात्मिक विद्याको ज्ञानबाट मात्रै आफ्ना इन्द्रिय कर्मेन्द्रिय निर्मलीकरण तथा आन्तरिक चित्तवृत्तिहरूका शुद्धिकरणबाट कर्म र व्यवहारमा दिव्यता र कुशलता मिल्दछ । त्यही दिव्यता र कुशलता नै शिव हो ।

शिव शब्द सामर्थ्यको पर्यायवाची बनेको छ । धनका लागि, विद्याका लागि, ज्ञानका लागि, ऐश्वर्यका

लागि, ब्रह्मज्ञान अनि मोक्षका लागि अर्थात् इहलोक एवम् परलोक सबैतिर शान्ति, सुख, कल्याण, भक्ति, मुक्ति, सबैका लागि भगवान् शिवको आराधना, अर्चना र बन्दना गर्ने हाम्रो वैदिक परम्परा भएकोले पनि शिव सर्वज्ञ सर्वान्तरयामी सर्वशक्ति सम्पन्न हुनुहुन्छ ।

शिव शब्द कल्याणको पर्यायवाची बनेको छ । जसले कसैसँग ईर्ष्या द्वेष डाह नराखेर सबैलाई समभाव र कल्याण भावले हेर्दछ । उहाँ नै समस्त प्राणीहरूको अन्तिम विश्राम स्थल हो । मानव जीवनको मुक्तिको अवस्था भनेको दुःख सुख राग द्वेषको अनुभवबाट रहित हुनु हो । समस्त पदार्थहरूको जालो भित्र बसे पनि निर्लिप्तताको भावलाई जीवनमुक्त भनिन्छ । शिव नै सृष्टिको उत्पत्ति स्थिति र लयको कारक हुनुहुन्छ । लयको अधिष्ठाता भएर पनि शिव कल्याणकारक हुनुहुन्छ । उहाँको कल्याण कर्तित्व यसरी बुझ्न सकिन्छ कि, संसारमा हरेक वस्तुहरूको अन्त्य हुन्छ, नाश हुन्छ, विनाश या अन्त्य नभई अर्कोको उदय या जन्म हुँदैन । त्यसैगरी अज्ञानको नाश नभईकन ज्ञान उत्पन्न हुँदैन । उत्पत्तिको लागि संहार अनिवार्य हुन्छ र संहार गर्ने भएर पनि भगवान् शिवको तात्पर्य कल्याणकारी छ । उहाँ जात वर्ण समाजभन्दा पर हुनुहुन्छ । उहाँको ढोका हर कोहीको लागि हरबखत खुल्ला छ । प्राणीहरू जहाँ गएर समस्त ताप, पाप, मृत्यु, भयादिबाट मुक्त भएर आनन्दका साथ विश्राम गर्दछन्, सर्वाधिष्ठान सर्वाश्रमको नाम नै शिव हो । आनन्द कल्याणमा छ र कल्याण ज्ञानमा छ ।

सूर्यरूपमा जगत प्रकाशक शिव

शिव सबैका अधिपतिका रूपमा रहनुभएको छ । समस्त ब्रह्माण्डको स्वामी शिव सूर्यरूपमा जगत प्रकाशक हुनुहुन्छ । अरूको प्रकाशद्वारा प्रकाशित नभई सो प्रकाश तत्त्व गुणले सम्पन्न सूर्यरूपमा नै शिवको महिमा रहेको छ । सूर्य प्रत्यक्ष देवता हुनुहुन्छ, उहाँ विना हाम्रो अस्तित्वसम्मको कल्पना पनि गर्न सक्दैनौं । हामी सूर्यलाई सूर्यदेव भन्छौं । देवले तेजलाई जनाउँदछ । सम्पूर्ण तेजहरूको स्रोत सूर्य

हो। सम्पूर्ण प्राणीहरूको समस्त अज्ञानता र अन्धकारको नाश गरी ज्ञानरूपी ज्योति प्रदान गर्ने विश्व कल्याणकारी भगवान् शिव हुनुहुन्छ। अतः शिव ज्योति स्वरूप हो, ज्योति सूर्य हो, सूर्य नै आत्मा हो। त्यही आत्मा शिव हो।

जुन बेला पनि शिवलाई देख्न सकिन्छ, अनुभूति गर्न सकिन्छ। तर शिवतत्त्वको आदि, अन्त्य र खोजीको विषय भने पार पाउन नसकिने तत्त्व हो। जो यस ब्रह्माण्डको चारैतिर व्याप्त छ। समाधिमा बसी समभावमा रहने शिव नै हाम्रो सनातनीय हिन्दु धर्मको आस्था र विश्वासको सत्य हो। त्यो सत्य नै प्रकाश हो। शिवको सच्चा स्वरूप प्रकाश हो। प्रकाशरूपी ज्ञानले नै जीवनलाई संसारबाट तार्दछ जब मन बुद्धिले परम ज्योति वा प्रकाशरूपी शिवमा एकाग्र हुन्छ। यसले सबै कमजोर संस्कारहरूलाई भष्मभूत पार्दछ। तब भित्रका शाश्वत मूल्य र गुणहरू सशक्त र सक्रिय हुन पुग्दछन्। धर्मले अध्यात्ममा प्रवेश गराउँदछ। शाश्वत अस्तित्वको बोध गराउनुको अतिरिक्त अनादि अभिभाजित चैतन्य शक्तिको मूल स्वरूप र गुण शक्तिको वास्तविक स्पष्टीकरण दिन्छ। मानिसभित्रको धर्म भेद जातिभेद तथा रङ्गभेद आदि सबै मान्यता नष्ट हुन गई शुद्ध आत्मभावको तेस्रो नेत्र खोल्न जान्छ। यस तेस्रो नेत्रले उजागर गरेको चेतनाको प्रस्फुटनबाट मानिसभित्र बसुदैव कुटुम्बकम अर्थात् विश्व बन्धुत्वको भावना फैलाउँदछ।

इन्द्रियहरूले दिने आनन्द बाहिर हुन्छ। यसले पहिले आनन्द दिए पनि पछि दिने त दुःख नै हो। शास्त्रमा लेखिएको छ, मनुष्य जबसम्म यस शवरूपी देहमा आसक्त हुन्छ तबसम्म उसको मन बिग्रिरहन्छ। मन भ्रमित भइरहन्छ, त्यस्तो मनले बन्धन मात्र ल्याउँछ। जन्म मरण र व्याधि प्राप्त हुन्छ।

ज्ञान र भक्ति धर्मानुकूल भयो भने त्यो सार्थक हुन्छ। तब मनलाई शान्ति मिल्दछ शान्त मनमा नै एकाग्रता स्थित बन्दछ। एकाग्र भएपछि चित्तमा आत्मा प्रतिबिम्बित हुन्छ। त्यसैबाट आनन्दको आभास हुन्छ। आनन्द हामी भित्र रहने चेतन परमात्माको सम्बन्धबाट मिल्दछ। जब यस जीवलाई आत्मस्वरूपको ज्ञान प्राप्त हुन्छ, जीव जब आफ्नो शुद्ध देहमा भिन्दै आत्मस्वरूपलाई जान्दछ। तब मुक्ति प्राप्त हुन्छ। तब जीव शिव शिव बन्दछ। अतः आनन्द दिने परमात्मा नै हो। आनन्द तब मिल्दछ, जब परमात्माको साथ हाम्रो सम्बन्ध हुन्छ। त्यसैले शिव भित्र छ र आनन्द भित्र छ।

देवादि देव महादेव पशुपतिनाथ

समस्त चराचर जगत्को कल्याण गर्ने भगवान् शिव नेपालमा पशुपतिनाथको रूपमा विराजमान हुनुहुन्छ। पशु भनेको जीव हो, अज्ञानवश सांसारिक विषयमा बाँधिने भएकोले जीवलाई पशु भनिएको छ। अर्थात् अविद्यारूपी दाम्लाले सांसारिक बन्धनमा बाँधिएको हुनाले जीवलाई पशु भनिएको हो। जसले जीवलाई बाँध्दछ त्यो दाम्लो नै पास हो। यसै पासका कारणले गर्दा जीवले आफ्नो असली स्वभाव शिवभावलाई बुझ्न सक्दैन। यी पास बन्धन चार प्रकारका मानिन्छन्–

पाशश्च्तुर्विद्यः मल कर्म माया रोध शक्ति भेदात् प्रत्युर सामान्जस्यात्।

अर्थात्, मल, कर्म, माया र रोध।

१. मल पाशः मल भनेको अविद्या हो। यस मलले केवल आत्मस्वरूपलाई ढाक्ने मात्र नभई जीवात्मालाई जबरजस्ती दुष्कर्मतर्फ प्रवृत्त समेत गराउँदछ। यही बन्धन नै पशुरूप जीवको पशुत्व हो।

२. कर्म पाशः जीवले गरेको कार्य नै कर्म हो। फलको इच्छाले गरिने कर्म अधर्मरूपी कर्म नै कर्म पास हो।

३. माया पाशः जुन शक्ति विशेषमा प्रलयकालमा सबै लिन हुने र सृष्टिको समयमा सबै उत्पन्न हुन्छन् त्यो नै मायापास हो।

३. रोध पाशः आत्माको असली स्वरूपलाई छोपिदिने पास नै रोध पास हो। जीव बन्धनबाट मुक्त हुनु भनेको मोक्ष प्राप्त गर्नु हो र मोक्ष भनेको शिव सायुज्य हो।

पति शब्दको अर्थ स्वामी हो त्यसैले शिव नै सम्पूर्ण सृष्टिको स्वामी तथा संरक्षक हुनुहुन्छ। पाशुपत शास्त्रको कौडिण्ड्न्य भाष्यमा पति शब्दको उत्पत्ति यस प्रकार गरिएको पाइन्छ– आप्ति च तान्पा पशून्ति नित्यतः पतिर्भवति" अर्थात् संसारका सम्पूर्ण पशुरूपी जीवहरूको रक्षा गर्ने भएको कारणस्वरूप शिवलाई पति भनिएको हो। समस्त प्राणीको संरक्षक, प्रतिपालक अनि शासक एवम् स्वामी हो भन्ने मान्यता पाशुपत दर्पणमा निहित छ।

परब्रह्मा परमेश्वर नै यस चराचर जगत्का

उत्पत्ति स्थिति र विलय अर्थात् विश्राम स्थान हुनुहुन्छ । यो जगत् नै शिवरूप हो । शिवभन्दा भिन्न छैन । शिव मायाधीश हुनुहुन्छ । उहाँ माया बनेर मायाद्वारा समस्त ब्रह्माण्डको रचना सम्बन्धी लिला गरी आफैमा हरण समेत गर्नुहुन्छ । उहाँका मायाको खेलले परमात्माको अंश भएर पनि जीवात्माले अज्ञानद्वारा ढाकिएर आफूलाई शिवभन्दा भिन्दै ठान्दछ । पासवद्ध पशुवन्ध उहाँकै अनुग्रह प्राप्त गरेपछि पासमुक्त बन्दछ । जीवात्मा वा अज्ञानीको रक्षा गर्ने पशुपति नै हो ।

नेपालका राष्ट्रदेव श्रीपशुपतिनाथ

विश्वमा पवित्रभूमि साधनाभूमि, पुण्यभूमि तथा मोक्षभूमिका रूपमा प्रतिष्ठित नेपाल देवादिदेव महादेव श्रीपशुपतिनाथद्वारा संरक्षित पाशुपत क्षेत्रका रूपमा आराधित छ । ऋग्वेदका त्रयम्वकम् यजामहे.. आदि मन्त्रहरूले शिव भगवान्‌को स्पष्ट रूपमा प्रतिपादन र प्रशंसा गरेका छन् । पशुपतिनाथ नेपाल र नेपालीका मात्र नभई विश्वका सम्पूर्ण सनातनी धर्मालम्बीहरूका आराध्य देव हुनुहुन्छ ।

शिवरात्री पर्व

स्कन्द पुराण अन्तर्गत हिमवत खण्डमा ज्योतिर्मय लिङ्ग प्रकट भएको रात नै शिवरात्रि हो भनिएको छ । नेपालको पशुपति शिवलिङ्गलाई ज्योर्तिलिङ्ग भनी उल्लेख गरिएको छ । फागुन महिनाको कृष्ण चतुर्दशीको महानिशामा आदिदेव महादेव कोटी सूर्य समान दृष्टि ज्योति लिएर शिवलिङ्ग रूपमा आविर्भूत हुनुभएको थियो । शिवरात्रि यही स्तम्भ स्वरूप ज्योतिर्मय लिङ्ग प्रकट भएको दिन हो । त्यसैले सो दिनलाई महाशिवरात्रि भनिन्छ ।

ज्योतिर्मय स्वरूप परमात्माको दिव्य अलौकिक जन्म अधर्मको विनाशको लागि हुन्छ । यदि वर्तमान सांसारिक परिदृश्यको अवलोकन गर्ने हो भने चारैतिर व्याप्त काम क्रोध लोभ मोह अहंकार भ्रष्टाचारमा डुबेको समाज अधर्म र आत्मग्लानीको समय हो । त्यसैले शिवसँग रात्रिको जो सम्बन्ध छ, त्यो परमात्मा शिवको घोर पापाचार वर्तमान तमो प्रधान कलियुगमा अवतरणको यादगार हो । त्यसै पनि हिन्दु दर्शनमा राति शब्द अज्ञानता र विनाशकालको सूचक हो ।

शिवलिङ्ग रात्रिमा प्रकट हुनुको पनि रहस्य छ । रात अर्थात अन्धकारलाई चिर्न नै प्रकाशको आवश्यकता पर्दछ । विना प्रकाश अन्धकार हट्दैन । ज्ञानविना अज्ञान हट्दैन, हामीले अर्थात् सांसारिकले मानेका दिन योगीहरूको, साधकहरूको रात हो । अनि त्यस्ता संयमी त्यागी बैरागी ज्ञानीहरूले जसलाई दिन मान्दछन्, त्यसलाई संसारी संसारी प्राणीहरू रात मान्दछन् । त्यसैले तेजोमय ज्योतिर्लिङ्गको आविर्भाव भएको प्रकाशपूर्ण समयलाई हामी रात्रि मान्दछौं र शिवरात्रि भन्दछौं । जीवभावबाट उठेर शिवभावमा पुग्नु र जीव र शिवमा अभेद दर्शनको मनन गर्नु नै महाशिवरात्रिको उद्देश्य हो, ज्ञान हो । त्यसैकारण रात्रि नै साधकहरूका लागि अनुकूल समय हो । त्यतिबेला साधक जागेका हुन्छन् । शिवरात्रिको र शिवसाधनाको सार सर्वस्व फेला पारेपछि साधक साधनामा यसरी तलिन हुन्छ कि उसको दृष्टिमा जताजता मन जान्छ त्यता त्यता भ्रम मात्रको दर्शन हुन थाल्दछ । अनि शिवरात्री व्रतको अनुष्ठान सार्थक सिद्ध हुन्छ । शिव मानस स्तोत्र, शिव ताण्डव स्तोत्र, शिव पञ्चाक्षर स्तोत्र, शिव महिम्न स्तोत्र आदि काव्यात्मक स्थितिहरू अनगिन्ती छन् । यसरी हेर्दा परमात्मा परमेश्वरको लीला गान जसरी गाए पनि सकिँदैन । लिङ्गपुराणको २७ औँ अध्यायको २४ औँ र २५ औँ श्लोकमा शिवले विष्णु र ब्रह्मालाई सम्बोधन गर्दै भन्नुभएको छ–

अहमेव परम् ब्रह्म परं तत्वं पितामह, अहमेव परं ज्योति परमात्मा त्वहं विभुना यद् यद् दृष्टं श्रुतं सर्व्वं जगत् यस्मिश्चराचरम् ।

अर्थात् हे ब्राह्मण ! म नै परात्पर ब्रह्म हुँ । हे पितामह ! वेदवर्णित परम तत्त्व पनि म नै हुँ । म नै परम ज्योति पनि हुँ । परमात्मा र विभू पनि म नै हुँ । यस चराचरमा जे जे देखिन्छन् र सुनिन्छन् ती सबै म नै हुँ । अतः मनले चिन्तन गर्न नसकिने, वाणीले व्यक्त गर्न नसकिने, आदि अन्त्य र मध्य पनि नभएको, कहिले नाश नहुने, व्यापकमा व्यापक, अन्त्यको सीमा नभएको त्यस्तो शिव स्वरूप श्रीपशुपतिनाथको अनुष्ठानमा रहेको शिवभक्तले महेश्वरको चरण जलद्वारा जन्म मालिन्य पखाल्दछ र उसको जीवन शान्तिपूर्ण हुन्छ । व्यावहारिक दुःखले उसलाई सताउँदैन । ऊ आनन्दपरायण बन्छ भन्ने तथ्य प्रकट गर्दै रूद्रोपनिषद्ले "तस्माच्छिवं ब्रजन्तु" त्यसकारण शिवको शरणमा जाउन भनेर हामीलाई प्रेरणा

दिएको छ ।

शिवोहमको तात्पर्य सगुण शिव होइन । सारा गुणहरू उपाधिहरूको विलय भएको शुद्ध चैतन्य शिव हो । परब्रह्मा तत्त्व नै शिव भएकोले आफ्नो वास्तविक स्वरूपबाट गिरेर मात्र जीव हुने भान भएको छ । उपाधि ज्ञानाभ्यासद्वारा हट्ने हुँदा एक चैतन्य मात्र शिवको अनुभूति भनेको शिव स्वरूप हुनु हो ।

शिवरात्रिको व्रतको पनि ठुलो महिमा रहेको छ । भगवान् शिवले पार्वतीलाई भन्नुभएको छ– मार्गशीर्ष आद्रा नक्षत्रमा पार्वती सहित जसले मलाई शिवलिङ्गमा देख्दछ । अर्थात् दर्शन गर्दछ । उसलाई अत्यन्त प्रिय हुनेछ । लिङ्गरूपी ईश्वरको भावना गरी पूजा गर्नेलाई सालोक्य, सामिप्य, सारूप्य र सायुज्य यी पाँच प्रकारका मुक्तिका फल मिल्नेछन् । अतः यो शिवरात्रीको व्रत धेरै महत्त्वपूर्ण साधना हो ।

शिवरात्रिको व्रत सकाम तथा निष्काम इच्छा गर्नेहरू तथा नगर्नेहरू साथै चारै वर्ण चारै आश्रमका मानिसहरूको लागि श्रेष्ठ साधना मानिन्छ । ॐ नमः शिवाय पञ्चाक्षरी मन्त्रको जप गरी शिवको चारै मूर्तिहरू सद्योजात वामदेव, तत्पुरूष, अघोर सहितको अर्चना गर्नुपर्दछ र रातभर भक्तिपूर्वक जागरण हुनुपर्दछ । अन्त्यमा भोलिपल्ट बिहान शिवको पूजा अर्चना गर्नुपर्दछ । भगवान् शिवलाई प्रिय लाग्ने भौतिक वस्तुहरूमा भष्म, रूद्राक्ष, नागका गहना, त्रिशुल, जटा, डमरू, मृगचर्म, वागम्भर, कमण्डलु, श्मशान, गंगाजल, पञ्चामृत, गाँजा, भाङ, धतुरो, अष्टकमल लगायतका छन् । अभौतिक वस्तुहरूमा भक्ति, ज्ञान, वैराग्य, प्रणव पञ्चाक्षर ताण्डव स्तोत्र एवं नृत्यका साथै भूत, प्रेत, पिचास, डाकिनी, साकिनी, नन्दी आदि छन् ।

शिवको पूजा गर्दा सुन्दर चन्दन अक्षता, अखण्डित चामल, कालो तिल, कमलको दलको प्रयोग गर्नु उचित हुन्छ । त्यस्तै धुपदीप नैवेद्य फलफूल र पकवान समर्पण गर्नुपर्दछ भन्ने कुरा शास्त्रहरूमा पाइन्छ । अन्त्यमा दुःखको कुरा त यो हो आज हिन्दु जातिले आफ्नै ऋषिमुनिहरूको आविष्कार विशाल दर्शन तत्त्वलाई अध्ययन गर्न छोडिसकेका छन् । किन्तु आँखाको रोगी र अन्धोहरूको सङ्ख्या बढ्दै गएमा सूर्यको ज्योति मलिन भएर जाँदैन भन्ने याद राख्नु पर्दछ । त्यस्तै भाव नै नभएको हिन्दुहरूले महान जीवन दर्शनहरूलाई अध्ययन गर्न छोड्दैमा ती महान दर्शनहरू मलिन र विकृत भइहाल्दैनन् । तिनीहरूलाई आदर गर्ने व्यक्तिहरू पनि संसारमा होलान् किनभने वैदिक धर्म कुनै सम्प्रदाय होइन बरू शाश्वत सनातन सत्य हो । र सत्यलाई उपेक्षा र इन्कार गरी मानव जीवनमा सही तत्त्व प्राप्त हुन सक्दैन । तर जनताको सांस्कृतिक इतिहास अक्षुण र महान रहेको हुन्छ । तिनीहरू कहिल्यै दासत्वमा पर्दैनन् । अहिले हाम्रो मुलुकमा विविध अभाव र विपन्नताको सार्वभौमिकता रहँदा विचारको अभाव झन् प्रखर रहेको छ । त्यसैकारण यस अभावप्रति गहिरो संवेदनशीलता र सतत जागरूकता निर्णायक आवश्यक पर्दछ ।❖

–बत्तिसपुतली, काठमाडौं

फागुन महिनाका पर्व तथा विदा

१ गते कुम्भ संक्रान्ति/विजया एकादशी व्रत
२ गते शनि प्रदोष व्रत/प्रणय दिवस
३ गते महाशिवरात्री / नेपाली सेना दिवस/सिलाचःह्रे पूजा
६ गते ग्याल्पो ल्होछार
७ गते प्रजातन्त्र दिवस / निर्वाचन दिवस
८ गते सामाजिक न्याय दिवस
९ गते अन्तर्राष्ट्रिय मातृभाषा दिवस
१२ गते भौमाष्टमी व्रत/गोरखकाली पूजा
१५ गते आमलकी एकादशी व्रत/विश्व गैरसरकारी संस्था दिवस
१७ गते प्रदोष व्रत
१८ गते फागु पुर्णिमा (पहाडी जिल्ला)/पूर्णिमा व्रत
१९ गते फागु पुर्णिमा (तराइ होली)/खण्डग्रास चन्द्रग्रहण
२० गते तेल लगाउने र आँपको मुजुरा खाने दिन
२४ गते नारी दिवस
२७ गते गोरखकाली पूजा

सन्दर्भ सामग्री

१. आचार्य माधव सर्वदर्शन संग्रह वाराणसी चौखम्बा विद्याभवन २०१२ ।
२. कल्याण शिवाङ्क गोरखपुर गीता प्रेस २०५५
३. प्राध्यापक शिवगोपाल रिसाल वैदिक संस्कृति

शिवका अनेक रूप, अनेक स्वरूप

रामप्रसाद धिताल

अधिकांश नेपाली सनातन धर्मावलम्बीले माघ महिनामा वाचन गर्दैआएको ३१ अध्यायको स्वस्थानी व्रतकथामा शिवसम्बन्धी एउटा प्रसंग आउँछ– 'महादेव कस्ता भने जीउभरि खरानी घस्ने। सर्पको माला लगाउने। बाघको छाला ओढ्ने। विष, भाङ र धतुरो खाने। दिगम्बर (नाङ्गो) रूपमा जहाँ मन लाग्यो त्यहाँ हिँड्ने', इत्यादि।

'सबै देवताले दक्षप्रजापतिका कन्या विवाह गरी सुखपूर्वक रहेका छन्। आफूचाहिँ एक्लो!' यही सोचले शिवजीले ध्यानदृष्टिले विचार गर्दा दक्षप्रजापतिकी एक कन्या सतीदेवी विवाह गर्न बाँकी रहिछन्। उनैलाई माग्न भनी उनी दक्षप्रजापतिका घर जान्छन्। घरमा आएका अतिथि शिवलाई स्वागत गर्नुको साटो दक्षले हेलाँ गर्छन्। अपमान गर्छन्। झन् शिवको प्रस्ताव सुनेपछि त उनलाई तिरस्कार गर्दै हात नै समातेर घरबाट बाहिर निकालिदिन्छन्। पछि भगवान् विष्णुको सहयोगमा शिव र सतीको विवाह हुन्छ।

श्रीमद्भागवत महापुराणको चतुर्थ स्कन्दको चौथो अध्यायमा आउँछ, पिताले आफ्ना पतिको निन्दा गरेको सुन्न नसकी सतीदेवीले यज्ञकुण्डमा फाल हाली देहत्याग गर्छिन्। यो खबर सुनेर महादेव रिसले क्रोधित हुन्छन्। जटा भुइँमा पछार्छन्, त्यहाँबाट वीरभद्र र महाकालीजस्ता भयानक देवीदेवता उत्पन्न गर्छन्। तिनैबाट दक्षको यज्ञ बिथोल्न लगाउँछन्। यज्ञ मात्र बिथोलिँदैन, दक्ष पनि मारिन्छन्। पछि बाख्राको टाउको जोडी ब्युँताइन्छ।

सनातन हिन्दु धर्मको मान्यताअनुसार ब्रह्मा सृष्टि, विष्णु रक्षा र शिव संहारका देवता हुन्। समाजमा दुष्ट प्रवृत्तिको संहारको आवश्यकता त पर्छ नै। त्यो वेला शिवजी रौद्र रूपमा प्रकट हुन्छन्। महाकाली, वीरभद्र र भैरव उनका सहायक बनेर सघाउँछन्। एकादश रूद्रको नाम पुराणमा प्रसिद्ध छ।

शिवजीको स्तुति गर्ने मन्त्र छ,

ॐ ध्यायेनित्यं महेशं रजतगिरिनिभं चारूचन्द्रावतंसं,
रत्नाकल्पोज्वलांगं परशुमृगवराभीतिहस्तं प्रसन्नम्।
पद्मासीनं समन्तात् स्तुततममरगणैर्व्याघ्रकृत्तिं वसानं,
विश्वाद्यं विश्ववन्द्यं निखिलभयहरं पञ्चवक्त्रं त्रिनेत्रम् ॥

अर्थात्, जो चाँदीको पर्वत (कैलाश) जस्तै चम्किएका छन् र जसले आफ्नो शिरमा सुन्दर चन्द्रमा धारण गरेका छन्, रत्नजडित आभूषणले जसको अंग-अंग चम्किरहेको छ, जसका चार हातमा परशु, मृग, वर र अभय मुद्रा छन्, जसको मुखमण्डलमा सधैँ प्रसन्नता छ, बाघको छाला लगाएका जो पद्मासनमा विराजमान छन्, देवताहरूले जसको स्तुति गरिरहेका छन्, विश्वका आदि, पूजनीय, सबै प्रकारका भय हटाउने, पाँच मुख र तीन आँखा भएका यस्ता महेश (शिव) लाई म नित्य प्रणाम गर्दछु।

श्रीमद्भागवतलगायत पुराणमा समुद्र मथनको प्रसंग आउँछ। समुद्र मथनका क्रममा अनेक किसिमका बहुमूल्य वस्तु निस्कन्छन्, रत्न-अमृत इत्यादि। ती सबै देवता दानवले बाँडचुँड गर्छन्। तर जब कालकूट विष निक्लन्छ तब सबैको भागाभाग चल्छ। लिन कोही तयार हुँदैनन्। त्यो विष फैलियो भने संसारका सबै प्राणी एकैछिनमा सखाप हुन्छन्। विष ग्रहण गर्न उनै शिव अघि सर्छन्। हातमा विष लिएर घुटुघुटु पिइदिन्छन्। घाँटीमा पुगेर विष अड्किन्छ। विषको प्रभावले घाँटी नै निलो हुन्छ। नाम रहन्छ, नीलकण्ठ।

शिवकै ध्यानमग्न स्वरूपबाट योगको उत्पत्ति भएको मानिन्छ। उनी नै आदियोगी वा परमयोगी मानिन्छन्। सतीवियोगका वेला वा अन्य समयमा उनले गरेको ध्यान वैराग्यमा लग्ने उत्तम सन्दर्भ मानिन्छ। ध्यानमग्न शिवजीको केशबाट गंगा बहेकी छिन्, सबैलाई शीतलता दिने।

शिवले गरेको ताण्डवबाट नृत्यको प्रादुर्भाव भएको छ । त्यसैले उनी नृत्यशास्त्रका पनि आदिगुरू मानिएका छन् । उनका नृत्यबारे शिवताण्डवस्तोत्र नै छ । उनको डमरूको आवाजबाट (संस्कृत) व्याकरणका चौध सूत्रको उत्पत्ति भएको छ । त्यसैबाट भाषाको विकास भएको छ ।

एकातिर घाँटीमा सर्पको माला र कम्मरमा बाघको छाला भिरेर भूत, प्रेत, पिशाच साथमा लिई हिँड्ने शिवजीको मनमौजी रूप । अर्कातिर जटा पछारेर वीरभद्र र महाकालीजस्ता शक्ति उत्पन्न गर्ने उनको रौद्र रूप । फेरि अर्कोतिर ध्यानमग्न रूपमा बसेका शिवजीको शान्त रूप । संकटका बेला देवता दानवको भेद नराखी सबैमाथि समभाव राख्ने शिवको कल्याणकारी रूप ।

शिवको नाम शिव त्यसै रहेको होइन । विष पिएर सबैको कल्याण गरेका हुनाले भनिएको हो, शिव । शिव अर्थात् कल्याण । उनको शान्त स्वरूको अर्थ पनि त्यही हो, सबैको कल्याण गर । कसैको अकल्याण नगर । कसैको कुभलो नचिताऊ । त्यसैले त वेदका मन्त्रमा भनिएको छ, '...तन्मे मनः शिवसङ्कल्पमस्तु अर्थात् मेरो मन सधैँ कल्याणकारी सङ्कल्पले युक्त होस् । उनको स्तुति यसरी गरिएको छ–

ॐ कर्पूरगौरं करुणावतारं संसारसारं भुजगेन्द्रहारम्।
सदावसन्तं हृदयारविन्दे भवं भवानीसहितं नमामि ॥

अर्थात्, कर्पूर जस्तै गोरो वर्णका, करूणाका साक्षात् अवतार, असार संसारका सार, सर्पहरूको राजालाई हारको रूपमा धारण गरेका, भक्तहरूको हृदयरूपी कमलमा निवास गरेका भवानीसहितका भगवान् शिवलाई म नमस्कार गर्दछु ।

भक्तहरूको उपासनाबाट चाँडै खुशी हुने पाँच मुख भएका उनको अर्को नाम हो, आशुतोष । शिवलाई ईश्वर पनि भनिन्छ । विभिन्न तीर्थमा अनेक नामले युक्त भएर रहेका छन्, उनै 'ईश्वर' । अमरकोशमा शिवका ४८ नाम उल्लेख छन् । तीर्थस्थलमा उनका अनेकौँ स्वरूप छन् । भारतमा द्वादशलिङ्ग र नेपालका चौसठ्ठी लिङ्गका रूपमा उनको महिमा छ । किराँत स्वरूप भई विचरण गरेको स्थलमा किराँतेश्वर, गोकर्णमा स्थापना गरिएको गोकर्णेश्वर, कुश स्वरूपका कुशेश्वर, इन्द्रद्वारा आराधना गरिएका इन्द्रेश्वर, रामद्वारा आराधना गरिएका रामेश्वर, सन्तानप्राप्तिको कामनाले स्थापित सन्तानेश्वर, अनन्त स्वरूप भएका अनन्तलिङ्गेश्वर इत्यादि । काम वा प्रकृतिअनुसारका नाम । ज्योतिर्लिङ्ग पशुपतिनाथ नेपाल राष्ट्रकै आराध्यदेव हुन् । पवित्र पाशुपत क्षेत्रमा शिवजीले मृग भई विचरण गरेको सन्दर्भ छ । यी लिङ्गमा शिवजीका पाँच वक्त्र (मुख)को आराधना हुन्छ, ईशान, तत्पुरूष, सद्योजात, अघोर र वामदेव ।

शिवको ध्यानमग्न स्वरूपबाट योगको उत्पत्ति भएको छ । उनी नै आदियोगी वा परमयोगी मानिन्छन् । ध्यानमग्न शिवजीको केशबाट गंगा बहेकी छिन् । शिवले गरेको ताण्डवबाट नृत्यको प्रादुर्भाव भएको छ । उनको डमरूको आवाजबाट व्याकरणका चौध सूत्रको उत्पत्ति भएको छ । त्यसैबाट भाषाको विकास भएको छ । सती–शिव र पार्वती–शिवको प्रेम उदाहरणीय छ ।

कतिपयले प्रश्न गर्छन्, भगवान्ले चाहिँ यस्तो

लीला गर्छन्, हामीले गर्न किन नहुने ? शिवले खाएको भाङ-धतुरो प्रसाद मानेर हामीले खान किन नहुने ? इत्यादि । यसको पनि जवाफ छ, जसरी अरूमा त्यसको दुस्प्रभाव पर्न नदिने उद्देश्यले शिवले विषपान गरेका हुन्, गाँजा-भाङ-धतुरोको सन्दर्भमा पनि त्यही हो । 'संसारमा भएका खराब तत्त्व म ग्रहण गर्छु, तिमी असल कुरा लिऊ र समाजलाई असल कुरा नै देऊ' भन्ने उनको सन्देश हो । उनको सन्देशको अर्थ नबुझी शिवको प्रसाद, शिवजीले खान हुने मैले किन नहुने जस्ता तर्क गलत हुन् ।

फेरि समाजमा नकारात्मक पक्ष पनि उत्तिकै जरूरी छ भन्ने सन्देश पनि हो । जसरी रात नभई दिन हुँदैन, खराब तत्त्व नभई असल पक्षको महत्त्व हुँदैन । शिवका साथमा रहेका सर्प, भूतप्रेत र पिशाचको अर्थ पनि त्यही हो । अर्कातिर संहारका देवता भएकाले प्रलयका लागि यी तत्त्वहरूको आवश्यकता पर्ने नै भयो ।

पुराणमा एउटा प्रसंग आउँछ, शिवजी पार्वतीसँग विवाह गर्न हिमालय पर्वतको घर जान्छन् । शिवको बाहिरी स्वरूप देखेर पार्वतीकी आमा मेनका चिन्तित हुन्छिन्, 'छोरी दिन लागेको बेहुलाको हालत यस्तो छ ।' हुनेवाला ज्वाइँ सर्पका माला लगाएका बाघको छाला बेरेका । अनेक किसिमका गणले युक्त भएका । तर केही बेरमै शिवको वास्तविक सुन्दर रूप देखिन्छ । बाहिरी रूप त शिवजीको लीलामात्र हो भन्ने ज्ञान उनलाई हुन्छ । अघि दक्षप्रजापतिले त्यही तथ्य बुझेनन् ।

शिवजीको यो रूपको सन्देश हो, कसैको मूल्याङ्कन गर्दा वा कसैप्रति व्यवहार गर्दा बाहिरी रूपमात्र हेर्नु हुँदैन । अहिलेको समाजले मानिसको गुण, व्यवहार र बौद्धिकताभन्दा बाहिरी लवाइखुवाइ हेर्छ र उसको बारेमा धारणा बनाउँछ । शिवको बाहिरी रूप हेरेर व्यवहार गर्दा दक्षप्रजापति नष्ट हुन पुगेको कथा पुनः दोहोऱ्याइयो ।

भगवान् शिवका रूपका, उनका लीलाका अनेकौँ पक्ष छन् । शिवले लगाउने भष्म (खरानी) ले जीवनको यथार्थलाई स्मरण गराउँछ । किनभने मृत्यु अवश्यम्भावी छ । एक दिन हामी सबै पुग्ने त्यही ठाउँ हो । हुने खरानी नै हो । त्यसैले अनावश्यक अभिमान नगर्नु भन्ने सन्देश दिन्छ । श्मसानमा बस्ने शिवजीको रूप पनि मानिसलाई वैराग्यतिर लैजान प्रेरित गर्छ ।

शिवको परिवारभित्र वृष (गोरू) देखि बाघसम्म र मुसादेखि मयुरसम्म अटाएका छन् । शिवको बाहन वृष । पार्वतीको सिंह । गणेशको मुसा । कुमारको बाहन मयुर । यो विविधतामा एकताको उदाहरण हो । यो हाम्रो सनातन समाजको प्रतिविम्ब पनि हो । जाति र संस्कृति विविध भए पनि आ-आफ्नो कर्ममा रमाउनुपर्छ, एकअर्कामाथि हस्तक्षेप गर्नुहुँदैन भन्ने दृष्टान्त पनि हो ।

पुराणमा भनिएकै छ, 'लीला पुरूषहरूले फरक फरक उद्देश्यले विभिन्न समयमा गरेका लीलाहरूको अनुकरण मानिसका लागि उपयुक्त हुँदैनन् । उनीहरूले गरेका होइन, निर्देश गरेका कुरा मात्र गर्नू । निर्देश गरेका मात्र होइन अनुसरण गर्नयोग्य भगवान् शिवका अनेकौँ पक्ष छन् । तत्त्व र अर्थ बुझेर अनुसरण गरौँ । शिवको शान्त स्वरूपको अनुसरण गरौँ । आफूमा त्यही स्वरूप ल्याउने कोशिश गरौँ । तन्मे मनः शिवसङ्कल्पमस्तु ।❖

-वाल्मीकि विद्यापीठ, काठमाडौं

मानिसका हात आशु पुछ्ने र शिर प्रार्थनामा झुक्ने हुनुपर्दछ

– भगवत्दासी हिरा पाण्डे

चितवन जिल्लाको पिठुवामा जन्म लिएर जीवनको प्रारम्भिक यात्रामा प्रवेश गरेकी म, शिक्षा–दीक्षाको क्रममा जनजागृति माध्यमिक विद्यालय हुँदै रत्ननगर–टाँडीस्थित नेपाल माध्यमिक विद्यालयमा अध्ययनरत भएँ । त्यसपछि शहीद स्मृति बहुमुखी क्याम्पस, रत्ननगर–टाँडी, चितवनमा अध्ययन पूरा गरी आज काठमाडौंको ज्ञानेश्वर क्षेत्रमा बसोबास गर्दैआएकी छु । बाल्यकालदेखि नै आमा र पारिवारिक वातावरणले गर्दा मनमा गहिरो रूपमा अंकुराएको अध्यात्मप्रतिको श्रद्धा, समाजप्रतिको उत्तरदायित्व र मानवीय करूणाले मलाई लामो समयदेखि सेवा र परोपकारको मार्गमा निरन्तर अघि बढाइरहेको छ । म १०८ श्रीमद्भागवत संकल्प एवम् पूर्णकर्ता परमात्माप्रति समर्पित एक साधकका रूपमा धार्मिक तथा सामाजिक कार्यमा समर्पित छु ।

मेरो सेवा यात्राको विशेषता औपचारिकता होइन, भावनात्मक हो । हालसम्म कुनै संस्था, पद वा संरचनाको मोह नगरी केवल "उमा–महेश्वर परिवार" भन्ने भावनात्मक नामाकरणका साथ सेवा कार्यलाई निरन्तरता दिँदैआएकी छु । दुई जनाबाट शुरू भएको यस परिवारमा अहिले करिब एक सय जना मर्यादित, संस्कारशील र सेवाभावले प्रेरित व्यक्तित्वहरू जोडिनुभएको छ । मठ–मन्दिर, गुरूकुलमा रहनुभएका बटुकहरू हुन् या कुनै आश्रम, महायज्ञ, कोटिहोम अथवा साधुसन्त, तीर्थयात्रीहरूको सेवा होस अथवा कुनै अस्पतालमा उपचार गर्ने खर्च नपाएर तड्पिएको बिरामी होस या कुनै अभावमा बसिरहेकी सुत्केरी र विद्यार्थी किन नहुन् ? त्यहाँ हाम्रो परिवार सबैले समान भावले, विना स्वार्थ, बराबरी सहयोग जुटाएर सेवा पु¥याउँछौं । यी सबै कार्य प्रभुकै आदेशले सम्पन्न हुने हुन् । हाम्रो यो सहकार्य कुनै योजनाबद्ध अभियानभन्दा बढी हृदयबाट निस्केको सामूहिक करूणाको अभिव्यक्ति हो । हामी त निमित्त मात्र हौं ।

हामीले नियमितरूपमा देवघाटस्थित हरिहर आश्रममा अन्नसेवा, गार्गी कन्या गुरूकुलका बालिकाहरूलाई स्टेशनरी सामग्री प्रदान गर्नेदेखि काठमाडौंको शुभश्री बालआश्रममा दुध सेवा, बूढानिलकण्ठ मन्दिरमा अन्नसेवाका साथै नेपालभर सञ्चालन हुने विभिन्न महायज्ञ र धार्मिक अनुष्ठानहरूमा समिधा, हवन सामग्रीलगायत आवश्यक सामग्री सहयोग गर्दैआइरहेका छौं । समाजमा घट्ने पीडादायी घटनाबाट आँखा चिम्लन सकिँदैन भन्ने मान्यताले जेन–जी आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरूलाई अस्पतालको आइसीयूमै पुगेर नगद सहयोग प्रदान गर्ने कार्य पनि गर्‍यौं । सडकबाट उद्धार

गरी पशुपतिस्थित नन्दी सेवास्थलमा राखिएका बेसहारा गाइबस्तुका लागि हरेक औशीमा सकेको दानापानीको

समेत सहयोग गर्ने गरेका छौं । कुनै पूर्वयोजना विना तत्काल आवश्यकता र अभाव देखिएका ठाउँमा हामीले तत्क्षण सहयोग उपलब्ध गराउने गर्दछौं । यी सबै कार्य कुनै प्रचारका लागि नभभई केवल मानवीय कर्तव्यबोधका साना प्रयास हुन् ।

सेवा र परोपकार हिन्दु धर्ममा वैकल्पिक कर्म होइन, जीवनको आधारभूत मूल्य हो । हाम्रो शास्त्रले "परोपकाराय सतां विभूतयः" भनी स्पष्ट रूपमा सिकाएको छ । हामी सज्जनहरूको जीवन र सामर्थ्य परोपकारका लागि हो । पूजा, पाठ, जप, तपस्या र यज्ञको सार अन्ततः मानव कल्याणमै निहित छ । सेवा र परोपकार भनेको मानवताको मूल आधार हो, जसलाई हाम्रो हिन्दू धर्मले मानवीय धर्मको रूपमा उच्च स्थान दिएको छ । वेद र उपनिषद्हरूमा उल्लेख भएअनुसार, परोपकारले आत्मालाई शुद्ध गर्दै परमात्मासँग जोड्छ र यो सहयोगको माध्यमबाट नै मानिसले आफ्नो जीवनलाई सार्थक बनाउँछ । धर्मग्रन्थहरूमा सेवालाई दान, तप र यज्ञको रूपमा व्याख्या गरिएको छ, जसले दुःखीहरूको पीडा कम गर्दै समाजलाई एकताबद्ध बनाउँछ । परमात्माले हामीलाई दिएको हुनाले नै हामीले अहिले अरूलाई दिन सकेका हौं । आम्दानीको दशांश दान गर्नु भन्ने शास्त्रको वचन हो । जन्मेर मात्र मानिसको कर्तव्य पुरा हुँदैन । परिवारभित्रै संस्कारसहितको शिक्षा दिन सकियो भने नै अहिलेका नयाँ

पुस्ता पनि परोपकारी कार्यमा जोडिन्छन् जस्तो मलाई लाग्दछ ।

उमा–महेश्वर परिवारसँग आबद्ध सबै सदस्यहरू मर्यादित आचरण, शुद्ध जीवनशैली र वैदिक संस्कारमा विश्वास राख्छन् त्यसैले यसका सबै सदस्यहरु मर्यादित

आचरणमा रहन्छन् । हामीले गर्ने हरेक सहयोग भक्तको रूपमा भगवान्लाई नै सम्झेर गरेका हुन्छौं । कुनै पनि धार्मिक वा सेवामूलक कार्यका लागि सामग्री प्रदान गर्दा पहिले संकल्प गरिन्छ, शुद्धता अपनाइन्छ र वैदिक आचरण पालन गर्दै खाली गोडा नै ती सामग्री सम्बन्धित स्थानमा पुऱ्याएर संकल्प एवम् पूजन गरी अर्पण गरिन्छ । यसरी परमेश्वरमा पूर्ण समर्पित भएर गरिने सेवा बाह्य देखावटी नभई आन्तरिक श्रद्धा, अनुशासन र संस्कारको अभ्यास हो ।

मैले आजसम्म जति मानिसहरू सेवा यात्रामा जोड्न सकेकी छु, ती सबै परमात्माको कृपाले जोडिएका हुन् । यो दासी त केवल सेवक मात्र हो । मलाई नाम, चर्चा वा प्रसिद्धिको कुनै चाहना छैन । म आफै पनि स्वयंपाक्य हुँ । आफूले बनाएको भन्दा बाहिरको अन्य केहि खाँदिन । लामो तीर्थयात्राका क्रममा पनि म सकेसम्म फलाहार मात्र गर्दछु र पवित्र भूमि पाएको खण्डमा मात्र आफ्नै चुल्होमा केहि बनाउँछु । बाग्लुङमा १८ दिनसम्म यज्ञ अनुष्ठानमा बस्दा मैले दूधमात्र लिएको थिएँ । यी सबै कर्म भगवान्को आदेशबमोजिम नै गरिएका हुन् । सेवा नै धर्मको जीवित रूप हो । भगवान्लाई स्मरण गर्दै सकेको सेवा गर्नु नै मेरो साधना हो । एक मानिसले अर्को मानिसको अभाव र

पीडा बुझ्न सके मात्र ऊ साँचो अर्थमा मानव बन्न सक्छ भन्ने विश्वास मेरो जीवन दर्शन हो । सेवा र सहानुभूतिको निरन्तर अभ्यास नै हाम्रो धर्मको सार हो; धन, पद वा प्रतिष्ठा होइन । अन्ततः हामीले कति मन जित्यौँ, कति पीडामा साथ दियौँ, यही नै जीवनको साँचो उपलब्धी हो ।

कोरोना महामारीजस्तो कठिन समयमा लगातार तीन वर्षसम्म अन्नसेवा गर्दै आवश्यकता भएका व्यक्तिहरूको घर-घरमै पुगेर सहयोग पुऱ्याउने कार्यले वास्तविक सेवा र खुसी के हो भन्ने कुरा अझ नजिकबाट बुझ्ने मौका पाइयो । त्यो समयमा सिकेको सबैभन्दा ठूलो कुरा भनेको संकटमा साथ दिनु नै ठूलो पूजा हो भन्ने थियो । यही सेवा यात्राको क्रममा कोरोना डिफेन्स अवार्ड, नेशनल हिरो अवार्ड जस्ता सम्मानहरू पनि प्राप्त भए । यी सम्मानले म आफू ठूलो हुँ भन्ने नभै मलाई अझ बढी जिम्मेवारी र हौसला प्रदान गरेका छन् । सेवाको बाटो मेरो जीवनको आजीवन सन्कल्प हो, मानवीय मूल्य हो । अरूको दुःख आफ्नै जस्तो अनुभूति गर्न सक्नु, अभावमा हात थाम्न सक्नु र पीडामा मलहम लगाउन सक्नु नै सच्चा धर्म हो भन्ने विश्वासले नै मेरो सेवा यात्रालाई दिशानिर्देश गरेको छ ।

आवश्यकता भएको ठाउँमा दिन सक्नु, दुःखीको आँसु पुछ्न सक्नु र पीडितको जीवनमा केही सहजता ल्याउन सक्नु नै मानव जीवनको सत्कर्म हो भन्ने मलाई लाग्दछ । धन, पद वा प्रतिष्ठा क्षणिक हुन् तर करूणा, सेवा र सहानुभूति हाम्रा शाश्वत मूल्य हुन् । अन्ततः हामीले कतिको मन जित्यौँ, कतिको पीडामा साथ दियौँ यही नै जीवनको साँचो उपलब्धि हो । यी कार्यले व्यक्तिगत सन्तुष्टि मात्र नदिई हाम्रो सामूहिक भावनालाई मजबुत बनाउँदै उन्नतितर्फ डोऱ्याउँछ । जब हामी अरूको पीडालाई आफ्नै ठानेर सहयोग गर्छौँ, तब जीवनले साँचो अर्थ पाउँछ र आत्मिक शान्ति प्राप्त हुन्छ । महाकवि लक्ष्मीप्रसाद देवकोटाले प्रश्नोत्तर कवितामा 'खोज्छन सबै सुख भनी सुख त्यो कहाँ छ, आफू मेटाइ अरूलाइ दिनु जहा छ' भनेझै साँचो सुख खोज्ने हो भने अरूको दुःख र पीडालाई आफ्नो सम्झेर सहयोग गर्नुपर्दछ ।

अन्त्यमा, दुई दशकभन्दा बढी समयदेखि नेपालमा निरन्तर प्रकाशित हुँदैआएको आध्यात्मिक साहित्यिक मासिक पत्रिका 'गौरी' ले आफ्ना पृष्ठहरूमा मेरो यी भावना र अनुभव व्यक्त गर्ने अवसर प्रदान गरेकोमा हार्दिक धन्यवाद तथा प्रशंसा व्यक्त गर्दछु । यसले हाम्रो सनातन परम्पराको धार्मिक तथा आध्यात्मिक मूल्यहरूलाई जीवन्त राख्दै समाजको मुखपत्रको रूपमा काम गरिरहेको छ । यसको संरक्षण र संवर्धन गर्नु हामी सबैको दायित्त्व हो । धर्म, साहित्य र सेवाको यो पवित्र यात्रामा 'गौरी' मासिकको योगदान सदैव प्रेरणादायी रहिरहोस् ।❖

-ज्ञानेश्वर, काठमाडौं

हिमवत खण्ड र महादेवको महिमा

प्रेममान डंगोल

हिमवतखण्ड, नेपालको देवभूमि र धार्मिक स्थलको धरोहर हो । आदिशक्ति स्वरूपा महामाया र महादेवको उद्‌गम स्थलको रूपमा परिचित नेपाल विभिन्न देवी देवताहरूको वासस्थान सँगै मानव सभ्यताको उद्‌गम स्थल पनि हो ।

विश्वकै ॐकार जगत हिन्दु र बौद्धको आधिकारिक स्थानका रूपमा हिमवत खण्डको ठूलो महिमा छ । पूर्वमा ब्रह्मपुत्र, पश्चिममा हिन्दुकुश, उत्तरमा कैलाश मानसरोवर र गंगासम्मको भूभाग हिमवत खण्ड हो भने गंगादेखि हिन्दुमहासागरसम्मको भूभाग भारत खण्ड हो । पहिला नेपालको क्षेत्र अहिलेको भन्दा धेरै नै रहेको थियो । पाँचौं शताब्दीतिर चन्द्र गुप्त विक्रमादित्यका छोरा समुद्र गुप्तको प्रयाग अभिलेखमा कामरूप (आसाम) र कर्कपुर (कुमाउ र गडवाल क्षेत्र) को हिमवत खण्ड नेपालको विषयलाई लिएर ऋषि वशिष्ठले उपनिषद्‌मा उल्लेख गर्नु भएको छ, 'भारत खण्ड उत्तरायणे हिमालय तश्य् स्वर्ग भूमि ।' कालीदासको कुमार सम्भवको पहिलो श्लोकमा पनि हिमालय पर्वतको पूर्वदेखि पश्चिमसम्म नै यो आर्यभूमि हो भनिएको छ ।

नेवार समुदायमा सिलाचःह्रे (शिवरात्री), पाहाँचःह्रे (पाहुना खुवाउने चतुर्दशी), र बालाचःह्रे (बालाचर्तुदशी)मा आफ्नै मौलिकपनद्वारा मान्दै र पुज्दै आएका महादेवलाई नेपाल र भारतका भक्तजनहरूले अत्यन्तै श्रद्धापूर्वक मान्ने गर्दछन् । नेपालको पशुपतिनाथ, गोकर्णेश्वर महादेव (उत्तर गया) र पिण्डेश्वर महादेवका साथै विभिन्न महादेवलाई उत्तिकै महत्त्व दिएर मान्ने गरिन्छ ।

महादेवका बारेमा पौराणिक इतिहासमा उल्लेख गरिएअनुसार हिमालयको दक्षिण गंगाको उत्तर र काठमाडौं उपत्यका महादेवलाई अत्यन्तै मन पर्ने स्थान हो । त्यस्तै गोसाईंकुण्ड र पिण्डेश्वरलाई पनि उत्तिकै पवित्र स्थानको रूपमा लिइन्छ । गोसाईंकुण्डको मेला भर्न पनि टाढा टाढाबाट भक्तजनहरू आउने गर्दछन् । त्यस्तै अमरनाथ, विश्वनाथ, कैलाश मानसरोवरलाई महादेवको तपोभूमिको रूपमा विश्वका हिन्दु र बौद्धहरूले मान्ने गर्दछन् । महादेवलाई पशुपति, शिव, किरातेश्वर, शंकर, रूद्र, शम्भु, ज्योतिर्लिङ्ग आदि विभिन्न नामले पुकार्ने गरिन्छ । महादेवको तेश्रो आँखा छ, यसलाई ज्ञान चक्षु भनिन्छ । महादेवको निधारमा पवित्र चन्दन लगाइए जस्तै विश्वका सम्पूर्ण हिन्दुहरूले आफ्ना निधारमा टीका लगाएर आफ्नो पहिचान देखाउँछन् ।

महाभारतको युद्ध समाप्त भएपछि हिमालयतर्फ जाँदा जाँदै पाण्डवहरूले प्रायश्चितको रूपमा पशुपतिनाथको पूजा गरेको किंवदन्ती छ । लिच्छवी वंशका राजा विक्रमादित्यले उपाधि धारण गरेर विक्रम संवतको उत्थान गरी 'वैशालीधिपति'का रूपमा पशुपति र बज्रयोगिनीको तपस्या गरेर शक्ति प्राप्त गरी बतीसपुतलीमा आफ्नो सिंहासन कायम गरेको र काशी विश्वनाथको मन्दिर स्थापना गरेको कुरा देव वंशावली र हिमवत खण्डमा उल्लेख गरिएको छ ।

कैलाश मानसरोवर महादेवको क्रीडास्थल र तपस्थली हो । यो क्षेत्र हिमवत खण्डको भूभाग हो । मानव कल्याणका निम्ति विष पिएर घाँटीमा राखेकाले त्यस्को डाहाबाट मुक्त हुन त्रिशुलले जल निकाली कुण्ड बनाएर उही कुण्डमा विराजमान भएकाले गोसाईंकुण्डको ठूलो महिमा भएको हो । शिवपुराण महादेवको महिमाको वृत्तान्त हो । हिमवतखण्ड पुस्तकमा मरिचि, पुलह, ऋतु, भृगु, अत्रि आदि ऋषिहरूले पशुपति महादेवको पूजा गरेको उल्लेख गरिएको छ ।

पौराणिक कालदेखि नै नेपालका राजाहरूले पशुपतिको पूजा, आराधना र सम्मान गर्दै आइरहेको देखिन्छ । पौराणिक कालमा नेवार राजोपाध्यायहरूले पशुपतिनाथको पूजा आजा गर्दथे । वि.सं. १७१४ पछि राजोपाध्यायहरूले सहयोगका लागि बनेपाबाट नेवार जातिका पुजारीहरू ल्याई पशुपतिको भण्डारी बनाए । पछि यक्ष मल्लको कर्नाटकका राजासँग सम्पर्क भएपछि कर्नाटक राजाले सहयोग स्वरूप तन्त्रिकहरू ज्ञानानन्द



र लुम्भवती भट्ट पठाएको र पछि उनै तान्त्रिक भट्टहरू पशुपतिनाथको पुजारी बनाइए ।

राजा जयस्थिति मल्लले ललितपुरमा कुम्भेश्वर (क्वन्ति) महादेवको स्थापना गरेर कोटीहोम गरी शुद्धिशान्ति गरेका थिए । त्यही वेलादेखि पशुपतिनाथको मन्दिर भित्र हिन्दु र बौद्ध बाहेक अन्यलाई प्रवेश निषेध गर्ने नियम चलाइएको हो।❖

–नयाँबजार काठमाडौ

(लेखक स्वतन्त्र पत्रकार हुनुहुन्छ ।)

विदुर नीति



कविप्रसाद प्याकुरेल

प्रथम अध्याय (महाभारत उद्योगपर्व)

वैशम्पायन भन्नुहुन्छ–
महाप्राज्ञ धृतराष्ट्र भन्दछन् द्वारपालमा ।
'विदुरलाई बोलाई ल्याऊ तत्काल नै यहाँ' ॥१॥
तत्काल दूत आएर बिन्ती गर्छ विदुरमा ।
'तपाईँलाई राजाको भेट गर्ने छ चाहना' ॥२॥
यस्तो सन्देश पाएर विदुर दरबारमा ।
'द्वारपाल, भनिदेऊ, तत्कालै' महाराजमा ॥३॥
द्वारपाल
महाराज तपाईँको आज्ञा पाएर भर्खर ।
विदुर दर्शनाकाङ्क्षी हुनुहुन्छ तपाईँमा ॥४॥
धृतराष्ट्र
म धेरै पहिलेदेखि भेट गर्न विदुरमा ।
याचना गर्न पर्दैन विदुर आउँदा यहाँ ॥
मेरो द्वार सदाकाल विदुर स्वागतार्थमा ।
विदुरलाई बोलाऊ आलिङ्गन गर्न खोज्छु म ॥५॥
द्वारपाल
महाराज महाप्राज्ञ पाल्नुहोस् अन्तपुरमा ।
श्रीमहाराज आज्ञा छ स्वागत छ तपाईँमा ॥६॥
वैशम्पायन
अनि विदुर आएर चिन्तित महाराजमा ।
अञ्जलिबद्ध रूपमा गर्नुहुन्छ निवेदन ॥७॥
म विदुर महाराज आज्ञाद्वारा तपाईँमा ।
उपस्थित भएको छु कर्तव्यकर्म निम्तिमा ॥८॥
धृतराष्ट्र
श्रीसञ्जय महाप्राज्ञ यहाँ आएर भर्खर ।
अजातशत्रुबारेमा भोलि वार्ता हुने भय ॥९॥
कुरूवीर युधिष्ठिर बारेमा अनभिज्ञ छु ।
रात्रि निद्रा नलाग्नाले आज सर्वाङ्ग क्लान्त छु ॥१०॥

क्रमशः

–कपन, काठमाडौँ

सांस्कृतिक, धार्मिक र व्यवहारिक दृष्टिकोणमा

साँढे र गोरु

श्रीकृष्ण डंगोल

विशेष गरी पशुपतिनाथ मन्दिरमा गरिने महास्नान/महाभोग पर्व र त्यहाँ 'साँढे डाम्ने' (त्रिशूल अंकित गर्ने) प्रक्रिया जसलाई वृषोत्सव पर्व पनि भनिन्छ यसको जानकारी ऐतिहासिक र सांस्कृतिक रूपमा निकै महत्त्वपूर्ण छ । नेपाली ग्रामीण समाज र हिन्दु संस्कृतिमा 'गोरू' र 'साँढे' शब्द सुन्दा पर्यायवाची जस्तो लागे तापनि यिनको भूमिका, परिचय र जीवनशैलीमा आकाश–जमिनको फरक छ ।

१. गोरूः किसानको सारथी र घरको सदस्य

गोरू मानवीय श्रम र कृषिको मेरूदण्ड हो । किसानले यसलाई दाम्लोमा बाँधेर हलो जोत्न र गाडा तान्न प्रयोग गर्छन् । गोरूको आफ्नै आश्रयस्थल (गोठ वा छाप्रो) हुन्छ, जहाँ उसलाई घाँस-पराल र संरक्षण दिइन्छ । गोरू घरपालुवा हुन्छ र यसको जीवन पूर्णतः मानिसको रेखदेख र नियन्त्रणमा बित्छ । यो हाम्रो श्रम संस्कृतिको एउटा अभिन्न अंग हो ।

२. साँढेः धार्मिक आस्था र स्वतन्त्रताको प्रतीक

साँढेको परिचय गोरूको भन्दा सर्वथा भिन्न छ । यो कुनै घरको साँघुरो गोठमा बाँधिदैन । जब कुनै ठूला यज्ञ, पूजा वा मन्दिर निर्माण जस्ता पवित्र कार्यहरू सम्पन्न हुन्छन्, तब बाच्छालाई 'दान' गर्ने परम्परा छ । यसरी दान गरिएको बाच्छो नै कालान्तरमा 'साँढे' बन्छ । यसको कुनै निश्चित घर हुँदैन; यो ईश्वरको नाममा छाडिएको स्वतन्त्र जीव हो, जसले समाज र मन्दिरको प्राङ्गणलाई आफ्नो बासस्थान बनाउँछ ।

३. पशुपति क्षेत्रको महास्नान र "साँढे' बनाउने विधि पशुपतिको महास्नान र तान्त्रिक महाभोगको रहस्य

पशुपतिनाथको दक्षिणपट्टि रहेको यज्ञशाला र धर्मशिला नेपालको प्राचीन न्याय र आस्थाको केन्द्र हो । हरेक पूर्णिमाको दिन यहाँ हुने 'महास्नान महाभोग' एउटा अद्भूत पर्व हो । यहाँ चढाइने भोगको मात्रा '६ मुरी, ६ पाथी, ६ माना र ६ मुठी' (पहिले ९ मुरी ९ पाथी, ९ माना, ९ मुठी थियो) हुनुले हाम्रो प्राचीन नापतौल प्रणाली र तान्त्रिक संख्या विज्ञान (Number Science) को गहिरो अर्थ बोक्छ । यो महाभोग केवल प्रसाद मात्र नभई समस्त ब्रह्माण्डका जीवहरूको तृप्तिको प्रतीक मानिन्छ ।

४. 'डाम्ने' प्रक्रियाः पशुबाट भगवान्‌को वाहनमा रूपान्तरण

साँढे बनाउने विधि आफैंमा एउटा कठिन तर पवित्र संस्कार हो । यज्ञशालामा रातो हुने गरी तताइएको त्रिशूलले बाच्छाको शरीरमा अङ्कित गरिने चिह्नले उसको लौकिक स्वामित्व अन्त्य भएको घोषणा गर्छ । डामिएको ठाउँमा गोबरको लेप लगाउने पद्धतिले हाम्रा पुर्खाहरू प्राकृतिक एन्टिसेप्टिक र उपचार विज्ञानमा कति पोख्त

थिए भन्ने देखाउँछ । यो प्रक्रियापछि त्यो बाच्छो 'साँढे' बन्छ र ऊ कसैको गोठमा होइन, पशुपतिनाथको खुला आँगन र समाजको साझा संरक्षणमा रहन्छ ।

५. धर्मशिलाः न्याय र सत्यको ऐतिहासिक साक्षी

पशुपति क्षेत्रको दक्षिणमा रहेको तामाको 'धर्मशिला' केवल एउटा धातुको शिला मात्र होइन, यो प्राचीन नेपालको 'सुप्रिम कोर्ट' जस्तै थियो । जनश्रुति र ऐतिहासिक मान्यता अनुसार, यस शिलामा उभिएर बोलेको कुरा झुटो भएमा दैवी दण्ड पाइने विश्वास गरिन्थ्यो । यही शिलाको सामीप्यमा साँढेलाई मुक्त गरिनुले 'साँढे' लाई सत्य र न्यायको रक्षकको रूपमा समाजमा स्थापित गरेको छ ।

६. गुठी व्यवस्था र सामाजिक सुरक्षाको इतिहास

पहिलेका समयमा यी साँढेहरू 'बेसहारा' थिएनन् । लिच्छवि र मल्लकालदेखि नै 'साँढे'हरूको दाना-पानी र स्वास्थ्यको लागि विशिष्ट गुठीहरूको व्यवस्था गरिएको हुन्थ्यो । गुठीका जग्गाहरूबाट आउने आम्दानीले यिनको संरक्षण गरिन्थ्यो । त्यसैले साँढेलाई 'नगरको रक्षक' मानिन्थ्यो । तर, आज गुठीहरू लोप हुँदै जानु र सहरीकरण बढ्नुले यी पवित्र जीवहरू सडकमा अलपत्र पर्नु हाम्रो सांस्कृतिक विचलनको पराकाष्ठा हो ।

यस परम्पराले एकातिर जीव र ईश्वर बीचको सम्बन्धलाई प्रगाढ बनाउँछ भने अर्कोतिर पशुलाई 'दान' गरेर स्वतन्त्र छोड्ने सामाजिक उदारतालाई पनि झल्काउँछ । तर, आजको सहरीकरण र बढ्दो सवारी चापका कारण यी 'छाडा' साँढेहरूको व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ । धार्मिक रूपमा 'साँढे' बनाइएका यी जीवहरूको उचित आहार र सुरक्षामा ध्यान दिनु आजको आवश्यकता हो ।

गोरू हाम्रो श्रमको सम्मान हो भने साँढे हाम्रो त्याग र आस्थाको प्रतीक हो । पशुपति क्षेत्रको यो जीवन्त परम्पराले हाम्रो संस्कृति कति गहिरो र विशिष्ट छ भन्ने कुरा प्रष्ट पार्छ ।

साँढेको सामाजिक सुरक्षा

पहिलेको समयमा साँढेलाई 'नगरको रक्षक' मानिन्थ्यो । त्यतिबेला गुठीहरूले यी साँढेहरूको दाना-पानीका लागि छुट्टै जग्गा वा रकमको व्यवस्था गरेका हुन्थे । यो "पशुपति क्षेत्रको यो 'दाम्ने' परम्परा केवल कर्मकाण्ड मात्र होइन, यो एउटा जीवलाई सामाजिक र आध्यात्मिक रूपमा पुनर्जन्म दिने प्रक्रिया हो । तातो त्रिशूलले अङ्कित भएपछि त्यो बाच्छो कुनै एक व्यक्तिको सम्पत्ति नरहेर सिङ्गो समाज र आराध्यदेव पशुपतिनाथको साझा सम्पत्ति बन्दछ । गोबरको लेपले उसको घाउ निको पार्ने विधिले हाम्रो पुर्खाको जैविक उपचार पद्धतिलाई समेत उजागर गर्दछ ।❖ -

पशुपति, काठमाडौं

सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको

संरक्षणमा हातेमालो गरौं !

पृथ्वी सबैको साझा घर हो । यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं । हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं । जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं । आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं । सेवा नै सबैभन्दा ठूलो धर्म हो । जय गौमाता !

नन्दी सेवा स्थल

मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान

फूल पसल लाइन, वनकाली, सम्पर्कः ९८०८२९७४८५, ९८४१२०४००६

श्रीरामकृष्ण तथा ज्ञानयोग

–श्री महेन्द्रनाथ गुप्त श्री 'म'

संन्यासी तथा सञ्चय । पूर्णज्ञान अनि प्रेमका लक्षण

श्रीरामकृष्ण दक्षिणेश्वर काली मन्दिरमा विराजमान हुनुहुन्छ । आफ्नो कोठामा सानो खटियामा पूर्वतर्फ मुख गरी बस्नुभएको छ । भक्तगणहरू जमिनमा बसेका छन् । आज कात्तिक कृष्ण सप्तमी, ९ नोभेम्बर १८८४ ई हो ।

दोपहरको बेला छ । श्रीयुत मास्टर आएका छन्, बिस्तारै अरू भक्तहरू पनि आइरहेका छन् ।

श्रीयुत विजयकृष्ण गोस्वामीसँग निकै ब्राह्मभक्तहरू आएका छन् । पुजारी राम चक्रवर्ती पनि आएका छन् । क्रमशः महिमाचरण, नारायण र किशोरी पनि आए । केही बेरपछि अरू पनि कैयौँ भक्तहरू आए ।

जाडो हुन थालेको छ । श्रीरामकृष्णलाई कुर्ताहरू जरूरत परेको छ । मास्टरलाई लिएर आउनु भन्नुभएको थियो । उनले नैनकिलासका दुईटा कुर्ताहरूबाहेक एक–अर्को बाक्लो कपडाको कुर्ता पनि लिएर आएका छन् तर यसलाई श्रीरामकृष्णले भन्नुभएको थिएन ।

श्रीरामकृष्ण (मास्टरसँग)– तिमीहरू यसलाई लैजाऊ, तिमी आफैँ लगाउनु । यसमा दोष छैन । अँ, तिमीसँग मैले कस्ता कुर्ताहरू भनेको थिएँ ?

मास्टर– हजुरले सादा कुर्ताहरूको कुरा गर्नुभएको थियो । जिन (बाक्लो कपडा) को कुर्ता लिएर आउन भन्नुभएको थिएन ।

श्रीरामकृष्ण– त्यसो भए त्यही जीनवाला फर्काएर लैजाऊ । (विजय आदिसँग) हेर, द्वारकाबाबुले एउटा साल दिएका थिए, मारवाडी भक्तहरूले पनि एउटा ल्याएका थिए तर मैले लिइनँ ।

श्रीरामकृष्ण अरू पनि भन्दै हुनुहुन्थ्यो तर बीचैमा विजयकृष्णले बोलिदिए ।

विजय– हो हजुर, ठीक त छ । जे चाहिन्छ र जति मात्र चाहिन्छ, त्यति नै लिनुपर्छ, कुनै न कुनैले त दिनैपर्‍यो, मानिसलाई छोडेर अरू कसले दिन्छ पनि ?

श्रीरामकृष्ण– दिनेवाला उनै ईश्वर हुन् । सासूले भनी, "बुहारी सबैको सेवा गर्न लागि मानिस छन् । नोकर छन् परन्तु तेरो पाउ दाब्नेवाला कोही छैन । कोही भए राम्रै हुन्थ्यो ।" बुहारीले भनी, "आमा मेरा पाउ भगवान्ले दाब्नुहुन्छ, मलाई कसैको जरूरत छैन ।" उसले भक्तिपूर्वक भनेकी थिई यो कुरा ।

"एउटा फकिर अकबर बादशाहकहाँ केही भेट पाउने आशाले गएका थिए । बादशाह त्यसबखत नमाज पढिरहेको थिए, भन्दै थिए, "ए ईश्वर, मलाई धनवान् बनाइदेऊ ।" फकिरले जब बादशाहले पनि याचनाहरू गरिरहेको सुने, तब उनी उठेर जान लागे । तर अकबरले उनलाई बस्न भनेर इसारा गरे । नमाज सकिएपछि अकबरले सोधे, "तपाईं किन फर्केर जान लाग्नुभएको थियो ?" फकिरले भने, "तपाईं खुदै याचना गर्दै हुनुहुन्थ्यो, ए खुदा मलाई दौलत मन्द गरिदेऊ ।" यसैले मैले सोचैँ, यदि माग्नु नै छ भने याचक (माग्नेवाला)सँग किन मागुँ खुदासँग नै किन न मागूँ ।"

विजय– गयामा मैले एकजना साधु देखेको थिएँ । उनी स्वयम् केही प्रयत्न गर्दैनथे । एक दिन इच्छा भएछ, भक्तहरूलाई खुवाऊँ । देखियो, नजाने कहाँबाट पिठो,

घिउ आइपुग्यो । फलफूल पनि जुट्यो ।

श्रीरामकृष्ण- साधुहरूका तीन दर्जा छन्, उत्तम, मध्यम र अधम । जो उत्तम छन्, तिनीहरू भोजनको फिकरमा डुल्दै हिँड्दैनन् । मध्यम र अधम दण्डी साधुहरू जस्तै हुन्छन् । मध्यम ती हुन्, जो कसैको अगाडि गएर 'नमो नारायण' भनेर खडा हुन्छन् । जो अधम छन्, ती नदिँदा झगडा गर्न तम्सिन्छन् (सबैजना हाँस्छन्) ।

"उत्तम श्रेणीका साधुहरू अजिंगर वृत्तिका हुन्छन् । उनीहरूलाई बसी-बसी आहार मिल्छ ।"

अजिङ्गर हिँडडुल गर्दैन नि । एउटा ठिटो साधु थियो, बालब्रह्मचारी । ऊ कतै भिक्षामा गयो । एउटी युवती आएर भिक्षा दिई । उसका स्तन देखेर साधुले ठान्यो, यसका छातीमा ठूला-ठूला फोका उठेछन् ।

उसले सोध्यो, तब घरकी पुर्खिनीले आएर सम्झाई, "यसको पेटमा पछि बच्चा होला, बच्चालाई खान भनी ईश्वरले यिनमा दूध भरिदिनेछन्, यसैले पहिलेदेखि नै यसको बन्दोबस्त गरिराखेको हो ।" यो कुरा सुनेर साधुलाई बडो आश्चर्य भयो । अनि उसले भन्यो, "त्यसो भए मलाई अब भिक्षा माग्ने के जरूरत भयो र ? ईश्वरले मेरा लागि पनि भोजन तयार गरिदिनेछन् ।"

यस्तैमा कुनै-कुनै भक्त मनमा सोच्छन् कि त्यसो भए हामी पनि अजिङ्गर जस्तै चेष्टा गरेनौ भने पनि काम चल्दो रहेछ । तर श्रीरामकृष्णले भन्नुभयो, "जसको मनमा लाग्छ कि चेष्टा गर्नुपर्छ, उसले चेष्टा गर्नैपर्छ ।"

विजय- भक्तमालमा एउटा राम्रो कथा छ ।

श्रीरामकृष्ण-भन, सुनौँ ।

विजय- हजुरले भन्नुहोस् ।

श्रीरामकृष्ण- होइन, तिमी नै भन, मलाई पूरा याद छैन । पहिले-पहिले सुन्नुपर्छ भन्ने थियो, यसैले म सुन्ने गर्थें ।

"मेरो अब त्यो अवस्था छैन । हनुमानले भनेका थिए, "बार, तिथि, नक्षत्र यति विधि सब म जान्दिनँ, म त बस श्रीरामचन्द्रजीको चिन्तन गर्ने गर्छु ।"

"चातकलाई बस स्वातीको जलकै चाहना रहन्छ । मारे प्यासले गर्दा प्राण निक्लन लागिरहेछ तर घाँटी ठाडो पारेर आकाशतर्फबाट नै पानीका थोपाहरूको प्रतीक्षा गर्छ । गङ्गा-जमुना सातै समुद्रहरू पानीले भरिएका छन्, परन्तु ऊ पृथ्विको पानी खाँदैन ।"

।" क्रमशः (परिच्छेद १०१ समाप्त)

भावानुवादः प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी

श्रोतः श्रीरामकृष्ण परमहंशको दैनिकी

सुधर्मको पुनरूत्थान

कश्मीर देशका राजा भद्रसेनका छोरा सुधर्म र मन्त्रीका छोरा तारक दुवै शिवका परम भक्त थिए । दुवै जना दैनिक निधारमा विभूति लगाउँथे, घाँटीमा रूद्राक्षको माला लगाउँथे र सधैं शिवको पूजामा मग्न हुन्थे । एक पटक महामुनि पराशरजी राजाको घरमा आए र राजालाई भने 'आजको सातौं दिनमा सुधर्मको असामयिक मृत्यु हुनेछ ।' यो कुराले राजालाई धेरै दुःखी बनायो । राजाले यसको निवारणको बारे सोध्दा पराशरजीले भने, 'यदि दश हजार रूद्राभिषेकबाट शङ्करलाई अभिषेकधारा चढाइयो भने तिम्रो छोराको असामयिक मृत्यु टार्न सकिन्छ ।' भगवान् शिवको कृपाले केही पनि असम्भव छैन ।

ऋषिको वचनबाट राजालाई केही आश्वासन मिल्यो । राजाले हजारौं ब्राह्मणहरूलाई आमन्त्रित गरे र तिनीहरूद्वारा रूद्राभिषेक सुरू गराए । सातौं दिन दिउँसो सुधर्मको मृत्यु भयो । पराशर ऋषिले सुधर्मको मृत शरीरलाई रूद्राभिषेकको पवित्र जलले जलपान गराए र पवित्र र मोहित रूद्राक्ष प्रयोग गरेर उनको मुखमा केही जल खन्याए । भगवान् शिवको कृपाले राजकुमारले आफ्नो जीवन फिर्ता पाए । सोध्दा राजकुमारले भने, "यमराज मलाई लैजाँदै थिए, अचानक जडिएको कपाल भएको एक तेजस्वी सेतो रंगको आकृति देखा पर्‍यो, यमराजलाई हप्कायो र मलाई उसबाट मुक्त गर्‍यो । यमराजले मलाई छोडे र उनको प्रशंसा गर्न थाले ।"

राजपरिवार खुशीले भरियो । सबैजना शिवको भक्तिमा डुबे । राजकुमार सुधर्म र मन्त्रीका छोरा तारकले शिवको भक्तिको व्यापक प्रचार गरे ।❖

ब्रह्मवाचक अक्षर 'ॐ'

पं. वेदप्रसाद पन्त

वेदो नारायणः सक्षात् यो भनाइ श्रीमद्भावत्महापुराणको हो । संसारमै प्राचीन, पवित्र र सर्वज्ञान सम्पन्न वेदको सम्बन्धमा भगवान् श्रीकृष्णले श्रीमद्भावद्गीतामा भन्नुभएको छ–

सर्वस्यचाहं हृदि सन्निविष्टो मत्तः स्मृतिर्ज्ञानमपोहनं च ।
वेदैश्च सर्वैरहमेव वेद्यो वेदान्तकृद्वेदविदेव चाहम् ॥
(गीता अ.१५/१५)

अर्थात् भगवान् श्रीकृष्ण भन्नुहुन्छ– म प्रत्येक जीवका हृदयमा अवस्थित छु । मबाट नै स्मृति, ज्ञान र विस्मृतिहरू उत्पन्न हुन्छन् । मबाट नै सम्पूर्ण वेदहरू प्रकट भएका हुन् भने समस्त वेदहरूको ज्ञाता पनि म नै हुँ । मलाई वेदहरूद्धारा मात्र जान्न सकिन्छ । वेदमा क–ख आदि गरिएका ३६वटा व्यञ्जन वर्णमाला छन् भने अ–आ आदि गरिएका १६वटा स्वर वर्णमाला रहेका छन् । वेद ज्ञान र विज्ञान समेतको मूल हो । वेदका प्रमुख अङ्गहरू– शिक्षा, कल्प, निरूक्त, छन्द, व्याकरण र ज्योतिष(खगोलशास्त्र)हुन् । वेदका यी सबै अङ्ग र सबै प्रकारका ज्ञान र विज्ञानलाई बुझाउने वर्ण (अक्षर कहिल्यै नाश नहुने) माला हुन् । यी सबै वर्णको माला गाँथेर निर्माण गरिएका सबै वेदका शब्द र अक्षर समूहहरूको प्रथम अक्षर प्रणव अर्थात् ॐकार हो । यो सृष्टिकै प्रथम रचना हो । यो ॐकारको अर्थ अ– ब्रह्मा, उ– विष्णु र म– महेश्वर हो । अतः यो ब्रह्मा, विष्णु र महेश्वरवाचक रूप हो । यही ॐकार नै– जीवात्मा, परमात्मा र परब्रह्मसँगै स्वर्ग, मर्त्य र पाताल लोकको वाचक हो । यो सम्पूर्ण ब्रह्माण्डका तारागणहरू समेतको वाचक हो भने ब्रह्मको पनि वाचक हो । अतः संसारका सम्पूर्ण वस्तुहरूको नाम र स्वयं ब्रह्मको अगाडि पनि ॐकार नै प्रयोग गरिन्छ । ॐकार उच्चारण नगरी जपिएका कुनै पनि मन्त्र र तन्त्र सिद्ध हुँदैनन् । अतः संसारका सबै मानिसले ॐकारको जप गर्दा आफूसँगै विश्वकै कल्याण हुनसक्छ ।

ॐकारको विषयमा श्रीमन्महर्षि वेदव्यासप्रणीत महाभारत महाकाव्यको भीष्मपर्वमा लेखिएको छ–

ॐकारः सर्ववेदानां वचसां प्राण एव च ।
यदस्मिन् नियतं लोके सर्वं सावित्रिरुच्यते ॥ (म.भी.प.अ.४४/६)

अर्थात् ॐकारवेदका सम्पूर्ण वाणीको प्राण हो भने प्रथम वाणी पनि यही हो । यस संसारमा जीव कल्याणको लागि जे उच्चारण गरिन्छ, त्यो सब गायत्री हो । यही ॐकारलाई अगाडि लगाएर पढिने गायत्री मन्त्र नै वेदका सम्पूर्ण मन्त्रहरूको मूल तथा सर्व कल्याणमय प्रथम महामन्त्र हो ।

श्रीमद्भगवद्गीतामा भगवान् कृष्णले भन्नुभएको छ–

यदक्षरं वेदविदो वदन्ति विशन्ति यद्यतयो वीतरागाः
यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति तत्ते पदं सङ्ग्रहेण प्रवक्ष्ये ॥
(गीता अ.८/११)

अर्थात् भगवान् श्रीकृष्ण भन्नुहुन्छ– जो वेदका ज्ञाता छन् जस्ले ॐकारको जप गर्दछन् र जो ठूला महर्षि संन्यासी भएका छन् तिनीहरू ब्रह्ममा प्रवेश गर्दछन् । यस्तो सिद्धिको इच्छा गर्नेहरू एकचित्त भएर ब्रह्मचर्य व्रतको अभ्यास गर्दछन् । अब म संक्षेपमा त्यो विधि बताउँछु जसद्वारा मानिसले मुक्ति प्राप्त गर्न सक्दछ ।

सर्वद्वाराणि संयम्य मनो हृदि निरुध्य च ।
मूर्ध्न्याधायात्मनः प्राणमास्थितो योगधारणाम् ॥ (गीता अ.८/१२)

भगवान् कृष्ण भन्नुहुन्छ– इन्द्रियका समस्त क्रियाकलापबाट अनासक्त रहनु नै यौगिक अवस्था हो । योग सिद्धि प्राप्त गर्न चाहने भक्तले इन्द्रियका सबै द्वारहरू बन्द गरेर मनलाई हृदयमा र प्राणवायुलाई शिरको उच्च भागमा केन्द्रित गरी ॐकारको स्मरणगर्दै आफूलाई योगमा स्थापित गर्नुपर्दछ ।

ओमित्येकाक्षरं ब्रह्म व्याहरन्मामनुस्मरन् ।
यः प्रयाति त्यजन्देहं स याति परमां गतिम् ॥ (गीता अ.८/१३)

अर्थात् भगवान् कृष्ण अगाडि भन्नुहुन्छ– जस्ले योग अभ्यासमा स्थित भएर अक्षरहरूको परमसंयोग ॐकारको उच्चारण गर्दै भगवान्को चिन्तन गर्दछ र यही चिन्तनको अवस्थामा आफ्नो शरीर त्याग गर्दछ, त्यसले निश्चित रूपमा परमगति प्राप्त गर्दछ । अर्थात् मानिसले आफ्ना

जुनसुकै कर्म गर्दा पनि ॐकार (अक्षरब्रह्म)को स्मरण वा जप गर्ने अभ्यास गरेमा निश्चय नै ब्रह्मलोक प्राप्त गर्दछ। यस्तै श्रीकृष्णले गीतामा अगाडि भन्नुभएको छ–

ॐ तत्सदिति निर्देशो ब्रह्मणस्त्रिविधः स्मृतः।
ब्राह्मणास्तेन वेदाश्च यज्ञाश्च विहिताः पुरा॥ (गीता अ.१७/२३)

अर्थात् सृष्टिको आदि कालदेखि नै ॐ-तत्-सत् यी तीन शब्द परमब्रह्मका सूचक बन्दैआएका छन्। ब्रह्मलाई सन्तुष्ट पार्नका लागि यज्ञ गर्दा ब्राह्मणहरूले वैदिक मन्त्रहरूको पाठ गर्दा पहिले यी तीनवटा साङ्केतिक शब्दहरूको उच्चारण गर्दछन्। यसैगरी वेदका सबै मन्त्रहरू ॐकारबाट नै शुरू हुन्छन्।

यस्तै गीतामा नै अगाडि लेखिएको छ–

तस्मादोमित्युदाहृत्य यज्ञदानतपः क्रियाः।
प्रवर्तन्ते विधानोक्ताः सततं ब्रह्मवादिनाम्॥ (गीता अ.१७/२४)

अर्थात् भगवान् श्रीकृष्ण भन्नुहुन्छ– योगीहरूले ब्रह्मप्राप्तिको लागि शास्त्रीय विधि अनुसार यज्ञ, दान र तपका समस्त क्रियाहरूको शुभारम्भ सधैं ॐकारबाट नै गर्दछन्। यस ॐकार तत्त्वलाई– ॐ तद् विष्णोः परमं पदम् भनेर (ऋग्वेद १,२२,२०)को ऋचाले स्पष्ट पारेको छ। भगवान् विष्णुका चरणकमल नै भक्तिका परमआश्रय हुन्। भगवान्का लागि सम्पन्न गरिने प्रत्येक क्रियाले सम्पूर्ण कर्मको पूर्णता निश्चित गर्दछ। ॐकारको उच्चारण विना कुनै पनि कर्म पूर्ण हुँदैनन्।

नेपालकै मौलिक तथा संसारकै प्राचीन संस्कृतभाषा, संस्कृति र संस्कारलाई जगेर्ना गरी विश्वमै हाम्रो पहिचान विस्तार गर्ने भनेर राजा महेन्द्रले नेपाल प्रज्ञा प्रतिष्ठान स्थपना गरी देशको राजस्वबाट तलव भत्ता दिएर सम्मानपूर्वक काममा खटिई आएको संस्थाको पुनर्गठन हुँदैआउँदा त्यससंस्थामा कार्यरत केही व्यक्तिहरूले भने भाषामा भाङभैलो गरे। संस्थाको उद्देश्य विपरीत चल्ने त्यस्ता सदस्य र पदाधिकारीहरूले विदेशीको लोभ लालचमा फसी संस्कृत भाषाका मुटु मानिने ॐ, संयुक्त अक्षर क्ष, त्र, ज्ञ, दीर्घ ईकार र दीर्घ ऊकार र श, ष, स मा श र ष समेत हटाई ह्रस्व इकार, उकार र स मात्र प्रयोग गर्ने भनेर सुसंस्कृत शब्दले भरिपूर्ण संस्कृतभाषाका तत्सम शब्दमा पनि श, ष, र ई, ऊ हटाएर हाम्रो संस्कृत भाषा, संस्कृति र संस्कारलाई कुरूप बनाइसकेका थिए। हाम्रो देशका राजनीतिकर्मी पनि विदेशीको मोह र स्वार्थमा फसेका हुनाले यसप्रति उनीहरूको चासो हुने त कुरै भएन। अतः भाषाको मर्म जान्ने देशका सपूत नै जाग्नुपर्ने अवस्था आएपछि धादिङ् जिल्ला निवासी आदरणीय गुरू बलदेव अधिकारीज्यूको नेतृत्वमा विद्वान्हरूले अदालती कार्यवाही अगाडि बढाएपछि संस्कृत भाषा र संस्कृत नै जननी भएको नेपालीभाषामा कुनै प्रकारको विकार ल्याउन नहुने भन्ने अदालती निर्णय भएपछि मात्र हाम्रो मातृभाषा जोगिने अवस्था आएको छ। तर गलत लेख्न बानी परेका केही लेखकहरूको कलम अझै सोझिएको छैन।

हामीलाई ईर्ष्या गर्ने र हाम्रो देशलाई अध्यारोतिर धकेल्नचाहने वैदिक सनातन धर्मका विरोधी पाश्चात्य मुलुकका केही मानिसले लड्डु देखाएर माटाको डल्लाले हाने जस्तै गरी वि.सं. २०२८ सालदेखि नेपालमा नयाँ शिक्षा योजना घुसाई दिएपछि हाम्रो देशको वेशभूषा, भाषा, धर्म, संस्कार र संस्कृतिमा विकार आउन शुरू गरेको हो। यस संवेदनशील कुरामा शिक्षित वर्ग भनाउँदा नेपालीहरू नै मौन बसेका छन्। अतः अहिले त हामी हाम्रा सबै कुराबाट नाङ्गिइसकेका छौं।

आज विश्वका वैज्ञानिकहरूले निर्माण गरेका आधुनिक शस्त्र अस्त्रहरू र अन्य नयाँ सामग्रीहरूको नाम पनि संस्कृतभाषामा मात्र उपलब्ध हुनेहुँदा अमेरिका, रूस, चीन, जापान, जर्मन र फ्रान्स आदि मुलुकहरूले संस्कृत भाषाकै महाविद्यालयहरू स्थापना गरी पठन पाठन शुरू गरिसकेका छन्, यसैले वैदिक सनातन धर्मको पुनः उत्थान हुँदैछ र नेपालका संस्कृत भाषाविद् विद्वान्हरूको खोजी विश्वमै हुन लागेको छ। यस कुराले उनीहरूको जीवन पनि सुखमय बनिरहेको छ। यो ॐकारसहितको संस्कृत भाषा व्याकरण विधिबाट संस्कार गरिएको र सम्पूर्ण ज्ञान र विज्ञानले भरिपूर्ण भएको हुँदा संसारमै परिमार्जित र मिठासपूर्ण भाषाको रूपमा मानिन्छ। अहिले हाम्रो देशमा यो सुन्दर देववाणीमा उल्लेख भएका महत्त्वपूर्ण ग्रन्थहरू पोल्दै हिँड्ने कुख्यात नेताहरू जन्मेका छन्। यिनको निष्क्रियता नभएसम्म हाम्रो देशले चयनको सासफेर्न पाउने सम्भावना निकै कम छ। अतः हामी राष्ट्रवादी लेखक, प्रकाशक, साहित्यकार र सम्पादकरू सबैजना नेपालीपनको संरक्षण गर्न सचेत बनौं।❖

संस्थापक अध्यक्ष, विश्व विराट ज्ञान आश्रम, नयाँ वानेश्वर, काठमाडौं

धर्म संस्कृति संरक्षणमा धार्मिक पत्रकारहरूको योगदान



- प्रस्तोताः प्रा.डा. देवमणि भट्टराई

धार्मिक संघसस्था र पत्रकारहरूको राष्ट्रहितसहित परमार्थमा पनि योगदान

धार्मिक संघसंस्था भन्नाले यहाँ सनातन धर्म संस्कार संस्कृतिलगायतका विषयमा बोल्ने, लेख्ने, सङ्गठन गर्ने सरकारलगायत सम्बन्धित व्यक्ति वा संस्थालाई उचित सल्लाह एवम् आवश्यकतानुसार खबरदारी गर्ने सङ्घसंस्थाहरू भन्ने बुझिन्छन् । धर्मभित्र आइपरेका समस्याहरूको समाधान यस्ता संघसस्थाले गर्नुपर्ने हुन्छ । विगतमा यस्ता भएका उदाहरण प्रशस्तै पाइन्छन् । जसका कारण सरकार समेत पछि हटेका उदाहरणहरू धेरै छन् । पत्रकार राष्ट्रको चौथो अङ्ग हो र यसैभित्र धार्मिक पत्रकारहरू पनि जोडिएकै हुन्छन् । आआफ्नो क्षेत्रको संरक्षण गर्दै खबरदारी गर्दा समयमा उचित रायसुझाव दिदा राष्ट्रमाथि न्याय हुने र राष्ट्रले पनि उचित सल्लाह पाएर धर्मसंस्कृतिको क्षेत्रबाट राष्ट्र मजबुत हुनमा ठुलो योगदान पुग्दछ ।

यसबाट राष्ट्रको मर्म, धर्म, संस्कार संस्कृति लगायत आवश्यक राष्ट्रहितका तत्त्वहरूमा उचाइ भर्ने काम पनि धार्मिक व्यक्ति, संघसंस्था एवं पत्रकारहरूबाट मात्र संभव हुने भएकाले वेला वेलाको साङ्गठनिक भेटघाट एवं छलफल ठूलो ऊर्जाको स्रोत बन्न सक्दछ । धार्मिक सङ्घसङ्गठनले यो विर्सन हुँदैन कि आफूले गरेका कामको मूल्याङ्कन यो लोक साध्य मात्र नभएर परलोक पनि साध्य पनि हो र यो मैले गरेको कार्य सर्वतोभावेन राष्ट्रहितमा छ । यसप्रकारको योगदानको सोचले मात्र राष्ट्र राष्ट्रियताको जगेर्ना गर्दै गरेको कार्य मात्र परमार्थिक एवं राष्ट्रहितमा योगदानपरक हुन सक्दछ ।

धार्मिक पत्रकारितामा समस्या पहिचान र समाधानका उपायहरू

एकः शब्दः सम्यग्ज्ञातः सुप्रयुक्तः स्वर्गे लोके च कामधुग् भवति । (पस्परानीक) व्याकरणमहाभाष्यमा लेखिएअनुसार एउटा शब्दको पनि राम्रो ज्ञान भएर ठीकसँग प्रयोग गरियो वा गर्न जानियो भने यो लोकमा हुनेसुख समृद्धि र स्वर्गादि परलोकको कामना पनि पूर्ति हुन्छ भन्ने शास्त्रीय मान्यता छ । यसर्थ शुद्ध शब्दको बोलीमा उच्चारणमा, लेखनमा एवम् व्यवहारमा पनि प्रयोग हुन जरूरी छ ।

सनातन धार्मिक क्षेत्रका विषय उठान गरेर आइपर्ने पत्रकारितालाई यसरी बुझ्दा उचित हुन्छ भन्ने लाग्दछ–

क. वारको प्रवृत्ति सूर्योदयबाट हुन्छ भन्ने ज्ञान सूर्योदयाद् वारप्रवृत्तिः

ख. तिथिको स्थायी ज्ञान भनेको त्यस देशको पञ्चाङ्ग नै हो ।

१. यसमा औशीलाई ३० र पूर्णिमालाई १५ लेखिन्छ भने टुटेको तिथि र पछि ९ छोडेर लेखेको हुन्छ भने पछि १० आउँछ भने बढेको तिथिमा आज र भोलि पनि ८ नै लेखिन्छ ।

२. कुन तिथिमा कुन कार्य कर्मकालव्यापिनी वा उदय व्यापिनी हो त्यसको निर्क्यौलका लागि धर्मशास्त्रको सामान्यज्ञान आवश्यक हुन्छ ।

३. स्नान, पूजनादि नित्य कर्ममा उदयव्यापिनी, रूद्री अग्नि जुराउँदा पनि उदयव्यापिनी नै लिइन्छ ।

४ जन्म मरणमा तत्काल व्यापिनी तिथि लिइन्छ ।

५. पर्वहरूमा ५ प्रकारका काल ज्ञान अर्थात् समयज्ञान आवश्यक छ यसमा धर्मशास्त्रको तिथि निर्णयको पाटी ज्ञान हुनु अत्यावश्यक छ ।

क. उदय व्यापिनी तिथिमा नित्यादि कर्म गर्नु पर्ने हुन्छ ।

ख. संगवकालमा आशीच स्नान, रजस्वलाको शुद्धि स्नानादिका कृत्य गरिन्छन् ।

ग. मध्याह्नकाल एकोद्दिष्ट तिथि श्राद्धको काल (कर्मकालव्यापिनी) हुन्छ । मध्याह्नव्यापिनी + तिथिको

आधिक्यलाई लिइन्छ ।

घ. अपराह्नकाल एकपार्वण जस्तै महालय तथा दर्शश्रद्धादिको काल मानिन्छ । जुनदिन बढी छ त्यसैदिन गर्नुपर्दछ ।

ङ. सायंकाल तथा प्रदोषकाल सोम, शनिआदि प्रदोष काल, मैथुनादि निषेध काल, अध्ययनादि सायङ्कालमा निषेध कृत्यहरू हुन् ।

च. अर्धरात्रिव्यापिनीकाल तिथिनक्षत्रान्ते च पारणम् जस्तो परे पनि निशीथ कालमा भोजन, स्नान, पारणादि निषेध छन् भने ग्रहण स्नानको आदि मध्य र अन्त्यस्नान भने यस कालमा गर्नुपर्दछ । लक्ष्मीपूजा प्रदोषकालमा हुन्छ त्यसदिन दुर्गापूजा एवम् पाठ निशीथमा हुन्छ । इत्यादि कृत्यहरूका कालको ज्ञान आवश्यक छ ।

ग. नक्षत्रको ज्ञान र नक्षत्रकृत्यलाई पनि कर्मकाल व्यापिनीकै रूपमा लिइन्छ ।

१. पञ्चक परेको नपरेको ज्ञान, त्यसको पुत्तलदाहविधि र शान्तिविधि

२ मुलादि नक्षत्रजननफल ज्ञान, नक्षत्र परेको हो कि होइन ?

३. द्विपुष्कर त्रिपुष्कर योगको ज्ञान

४ द्विपाद् त्रिपाद नक्षत्रमा मरण

५. २७ वटै नक्षत्रमा श्राद्ध गर्दाको फल विशेष मघा नक्षत्रपरक श्राद्ध अपिण्डक इत्यादिको ज्ञान

६. ग्रहण लागेको नक्षत्र ६ महिनासम्म शुभकर्ममा निषेध हुन्छ त्यसको ज्ञान

घ. योगमा वैधृति व्यतीपात आदि योग निषेध मानिन्छन् ।

ङ. करण ११ प्रकारका हुन्छन् र ती सबैमा पनि शुभाशुभ फल हुन्छ ।

क. यी सबैको निराकरण गर्न र शुद्ध पत्रकारिता गर्न ज्योतिष एवम् धर्मशास्त्रको आवश्यक अध्ययन सामान्य रूपमा भएपनि गर्नु नै यसको प्रमुख निराकरणको उपाय हो ।

ख. दोस्रो उपाय भनेको सही व्यक्तिसँगबाट जानकारी लिनु हो । त्यो तत्काल उपलब्ध नहुन पनि सक्दछ । त्यसकारण पात्रो स्वयंमा एउटा (यी विषयहरूको) परिचायक पत्र हो । तर यतिले मात्र न पुग्ने हुँदा अन्य शास्त्रहरूको ज्ञान हुन आवश्यक छ ।

ग. तेस्रो उपाय भनेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिजस्ता आधिकारिक संस्थाबाट निर्णायक ज्ञान प्राप्त गर्नु हो । यी तीनवटा उपायबाट निर्णयसम्बन्धी ज्ञान त प्राप्त होला तर यसभित्र रहेको अर्को जटिल समस्या भनेको भाषिक शुद्धि हो । शुद्ध भाषा एवम् शुद्धशब्दको ज्ञान भएर उच्चारण पनि तदनुरूप भएन भने समाचार वाचनआदिबाट पनि लक्षित उपभोक्ताले विषयवस्तु सजिलै बुझ्न सक्दैनन् । अतः लेखाइ बोलाइ र व्यवहारमा शुद्ध शब्द एवम् वाक्यको अभ्यास हुँदै जान आवश्यक छ । आभ्यसिक माध्यमबाट पनि शुद्ध गर्दै जान सकिन्छ । त्यसैले भनेको हो एकः शब्दः सम्यक्ज्ञातः इत्यादि ।

उपसंहार

राष्ट्रको पहिचान जोगाउन धर्मले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । अर्को शब्दमा भन्नुपर्दा राष्ट्र भनेकै त्यहाँ प्रचलित धर्म संस्कृतिको पुञ्ज हो । त्यसै पुञ्जबाट राष्ट्र सञ्चालनमा निर्देशन हुनुपर्दछ ताकि राष्ट्र भनेको माटोको सीमानामात्र नभएर राष्ट्रिय धर्मसंस्कृतिपरक परिचययुक्त मुलुक हुनुपर्दछ । राष्ट्रिय भेषभूषा, धर्म, संस्कृति, राष्ट्रगान आदि राष्ट्रियताका परिचायक हुन् । एउटा संविधानको सीमाभित्र सबै देशवासी अटाएजस्तै विविध सस्कृतिको आआफ्नो अभ्यास भए पनि राष्ट्रिय पहिचानपरक संस्कार, संस्कृति एक हुन आवश्यक छ ।

संस्कार संस्कृतिको अनुसरण त्यस राष्ट्रबासीको मूल

परम्पराले बहन गरिरहेको हुन्छ । मालाको धागो नदेखिएरै फूललाई जोडेजस्तै समाजलाई जोडिरहेको हुन्छ । त्यस्तो प्रकारको संस्कार संस्कृति नै राष्ट्रिय परिचय हो । अतः विविधताभित्र एकता खोज्ने दायित्व हामी सबैको हो । धर्मिक पत्रकारिता एवम् धार्मिक संघसंगठनले यी कुरालाई आत्मसात् गरेर निरन्तर बचाइरहनुपर्दछ र आवश्यकताअनुसार खबरदारी गर्नुपर्ने हुन्छ ।

धार्मिक पत्रकारिताका समस्यामा शुद्ध शब्दको प्रयोग, वाक्यसङ्गठनको शुद्धता र तिथिमिति निर्धारणका मापदण्ड नै यसका आधारस्तम्भ हुन् । यिनीहरूको ज्ञानका लागि ज्योतिषशास्त्रमा मुहूर्तचिन्तामणि ग्रन्थ र धर्मशास्त्रमा धर्मसिन्धुसम्मको ज्ञान भएमा ७५ प्रतिशत समस्याको निराकरण पत्रकार स्वयंले गर्न सक्नुहुनेछ । बाँकी समाधान नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको सहयोगमा पूर्ण गर्न सकिनेछ किन कि सूर्य र चन्द्रको परिवर्तनशील गतिसँग यसको साक्षात् सम्बन्ध रहेको हुन्छ ।

राष्ट्र हाम्रो सर्वोपरि हो भने त्यस राष्ट्रले अपनाउने चाडपर्व आदिको संगालो हरेक राष्ट्रको राष्ट्रिय पहिचान हो । यो पहिचान राष्ट्रिय संस्कृति पनि भएकाले यस राष्ट्रको आत्मा मानेर आफ्नो अस्तित्व यसैभित्रबाट खोजिनुपर्दछ । राष्ट्रले पनि देशको आवश्यकताअनुसार विविधतालाई आत्मसात् गर्नुपर्दछ र तदनुरूप नीतिनियम तर्जुमा गर्नुपर्दछ । नेपाल राष्ट्रको पहिचान सनातनमा रहेकाले यसमा बाधा नपर्ने गरी अध्ययन अनुसन्धानका क्षेत्रलाई विस्तार गर्दै धार्मिक पत्रकारिता वा धार्मिक संघसंगठनले उठाएका विषयवस्तुहरूलाई राष्ट्रको योगदान एवम् विकासमा जोड्दै लैजानु आजको आवश्यकता रहेको देखिन्छ ।❖

–कौशलटार, भक्तपुर

गौरी मासिक

हुलाकमार्फत तपाईंकै ठेगानामा पठाउने कार्यलाई फेरि निरन्तरता दिइएको छ, कृपया सदस्यता नवीकरण गरी आफ्नै घरमा गौरी प्राप्त गर्नुहोला !

थप जानकारीको लागिः

०१–४५३४१४१

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को

अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :



१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :



१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"

उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल

उत्तरायण र उत्तरगोलविमर्श

गणेश लम्साल

ज्योतिर्मय आकाशीय पिण्डहरूको अध्ययन गर्ने शास्त्र ज्योतिष हो । आकाशीय पिण्डहरूको गति, स्थितिको अध्ययन गरी मानवका साथै सम्पूर्ण प्राणीमाथि हुने शुभाशुभ प्रभावको अध्ययन यस शास्त्रमा गरिन्छ । ज्योतिषशास्त्रको प्रमुख प्रयोजन फलादेश हो, जो ग्रहगणितमा आधारित रहेको हुन्छ । सिद्धान्त, संहिता र होरा गरी ज्योतिषशास्त्रका तीन ओटा शाखा विकसित छन् । सिद्धान्त शाखामा अङ्कगणित, बीजगणित, ग्रहगणित र गोलगणितको वर्णन छ । गणितीय माध्यमले ज्योतिषको सिद्धान्त शाखाले ग्रहहरूको अवस्थितिको अध्ययन गर्दछ, जसको फलवर्णन



उत्तरी गोलार्द्ध की ऋतुएँ

संहिता र होरा शाखामा गरिन्छ । ग्रहगणितमा कालगणना मुख्य विषय रहेको छ । उत्तरायण र उत्तरगोल यी दुवै कालगणना अन्तर्गतका विषय हुन् । पौराणिक ग्रन्थका अनुसार उत्तरायणलाई देवताको दिन मानिन्छ भने दक्षिणायनलाई देवताको रात्रि । मुहूर्तशास्त्रले उत्तरायणलाई धार्मिक एवम् शुभ कृत्यका लागि शुभ समय भनी वर्णन गरेका छन् ।

कालगणनाअन्तर्गत सिद्धान्तज्योतिषमा मुख्य रूपमा नौ प्रकारका मानहरू बताइएका छन् । ती मानहरू यस प्रकार छन्– ब्राह्मं दिव्यं तथा पित्र्यंप्राजापत्यं च गौरवम् । सौरञ्च सावनं चान्द्रमार्क्षं मानानि वै नव ॥१॥ (मानाध्यायः, सूर्यसिद्धान्तः) ब्राह्म, दिव्य, पित्र्य, प्राजापत्य, गौरव, सौर, सावन, चान्द्र र आर्क्ष गरी नौ प्रकारका मान रहेका छन् । यी मानहरू क्रमशः ब्रह्मा, देवता, पितृ, मनु, बृहस्पति, सूर्य, सूर्योदय, चन्द्र र नक्षत्रसँग सम्बन्धित मान हुन् । उत्तरायण र उत्तरगोल सूर्यको राशिसञ्चारसँग सम्बन्धित विषय हुन्, जुन दिव्यमान र सौरमानसँग सम्बन्धित छन् । सूर्य मकरादि ६ अर्थात् मकर, कुम्भ, मीन, मेष, वृष र मिथुन राशिमा सञ्चार गर्ने अवधिलाई उत्तरायण भनिन्छ । त्यसैगरी सूर्य कर्कटादि ६ अर्थात् कर्कट, सिंह, कन्या, तुला, वृश्चिक र धनु राशिमा सञ्चार गर्ने अवधिलाई दक्षिणायन भनिन्छ ।

सूर्यसिद्धान्तको मानाध्यायमा भनिएको छ– भानोर्मकरसङ्क्रान्तेः षण्मासा उत्तरायणम् । कर्कादेस्तु तथैव स्यात् षण्मासा दक्षिणायनम् ॥९॥ जसलाई सौरमासका आधारमा हेर्दा माघ सङ्क्रान्तिदेखि आषाढ मसान्तसम्म उत्तरायण र श्रावण सङ्क्रान्तिदेखि पौष मसान्तसम्म दक्षिणायन हुन्छ । उत्तरायण सुरू भएदेखि सूर्य प्रतिदिन उत्तरतर्फ बढेर उदाउँछ भने दक्षिणायन सुरू भएपछि प्रतिदिन दक्षिणतर्फ बढेर उदाउँछ । सृष्टिको आदिमा क्रान्तिवृत्त (सूर्य भ्रमण गर्ने वृत्त) र नाडीवृत्त (कालमापक वृत्त)को सम्पात मेषादि र तुलादि बिन्दुमा रहेको थियो । समयक्रममा यस सम्पातविन्दुमा विचलन आयो । सम्पातविन्दुको विचलनलाई सूर्यसिद्धान्तग्रन्थले दोलाभ्रमण (मेषादिबाट २७ अंश पूर्व र २७ अंश पश्चिमतर्फ) र आधुनिक विज्ञानले पश्चिम गतिले वृत्तभ्रमणको रूपमा मानेका छन् । यही विचलनलाई अर्थात् मेषादिविन्दु र सम्पातविन्दुको अन्तरलाई अयनांश भनिन्छ । सायन गणनाअनुसार अभीष्ट अयनांशलाई ६०ले गुणन गरेर सूर्यको स्पष्ट गतिले भाग गर्दा जो भागफल मिल्छ, त्यति नै दिन पूर्व नै सूर्य उत्तरायण वा दक्षिणयन तथा उत्तर गोल वा दक्षिण गोलमा प्रवेश गर्छ । भास्कराचार्य

भन्नुहुन्छ– क्रियतुलाधरसङ्क्रमपूर्वतोऽयनलवैर्विषुवद्दिनम् । मकरकर्कटसङ्क्रमतोऽयनं द्युदलभा विषुवद्दिवसेक्षभा ॥४६॥ **(स्पष्टाधिकारः, सिद्धान्तशिरोमणिः) सायन गणनाले उत्तरायण र दक्षिणायन माघ सङ्क्रान्ति र श्रावण सङ्क्रान्तिभन्दा पहिले नै लागे तापनि धार्मिक कार्यका दृष्टिले क्रमशः माघ सङ्क्रान्ति र श्रावण सङ्क्रान्तिबाट नै मान्ने परम्परा रहिआएको छ । त्यसैगरी मेषादि ६ अर्थात् मेष, वृष, मिथुन, कर्क, सिंह र कन्या राशिमा सूर्य हुँदा उत्तरगोलमा सूर्य हुन्छ भने तुलादि ६ अर्थात् तुला, वृश्चिक, धनु, मकर, कुम्भ र मीन राशिमा सूर्य हुँदा दक्षिणगोलमा सूर्य हुन्छ। निरयण गणनाले सूर्य उत्तरगोलमा र दक्षिणगोलमा प्रवेश दिन गर्ने क्रमशः वैशाख सङ्क्रान्ति र कार्तिक सङ्क्रान्ति हुन्, जसलाई विषुवत् सङ्क्रान्तिका नामले पनि चिनिन्छ ।**

दिव्यमान देवता र आसुरमान असुरसँग सम्बन्धित मान हो । मानवको १ सौरवर्ष बराबर देवता र असुरको क्रमशः १ दिव्य एवम् आसुर दिन हुन्छ । देवताको दिन हुँदा असुरको रात्रि हुन्छ भने असुरको दिन हुँदा देवताको रात्रि हुन्छ । देवता उत्तरी ध्रुवको मुनि बस्छन् भने असुर दक्षिणी ध्रुवको मुनि बस्छन् । दुवैले आफ्नो शिरमा ध्रुवलाई देख्छन् अर्थात् देवस्थान वा असुरस्थानमा ९० अंश बराबर अक्षांशको मान हुन्छ । त्यहाँ नाडीवृत्त नै क्षितिज वृत्तको रूपमा रहने हुँदा नाडीवृत्तदेखि उत्तरमा रहेका मेषादि ६ राशिमा सूर्य हुँदा लगातर ६ सौर महिनासम्म देवताले उदित सूर्य देख्छन् भने असुरहरूले देख्दैनन् । त्यसैगरी नाडीवृत्तदेखि दक्षिणमा रहेका तुलादि ६ राशिमा सूर्य हुँदा लगातर ६ महिनासम्म देवताले सूर्य देख्दैनन्भने असुरहहरूले उदित सूर्य देख्छन् । यसरी देवता र असुरका बिचमा दिन र रात्रिको विपर्यय सिद्ध हुन्छ ।

३६० दिव्य वा आसुर अहोरात्र अर्थात् ३६०सौरवर्ष बराबर १ दिव्य वा आसुर वर्ष हुन्छ । भनिएको छ– सुरासुराणामन्योन्यहोरात्रं विपर्ययात् । तत्षष्टिः षड्गुणा दिव्यं वर्षमासुरमेव च ॥१४॥ **(मध्यमाधिकारः, सूर्यसिद्धान्तः) यसरी हेर्दा तुला राशिमा सूर्य प्रवेश गर्दा रात्रि आरम्भ हुने देवताहरूका लागि मकर राशिमा सूर्य प्रवेश गर्दा मध्यरात्रिको समाप्ति र मेष राशिमा सूर्य प्रवेश गर्दा दिन आरम्भ हुने देवताहरूका लागि कर्कट राशिमा सूर्य पुग्दा मध्याह्नकालको समाप्ति हुने देखिन्छ । यही उत्तरायणको अवधिलाई धार्मिक कृत्यका लागि शुभ समय भनी बताइएको छ । पुराणहरूमा उत्तरायणलाई देवताको दिनका रूपमा र दक्षिणायनलाई रात्रिको रूपमा व्याख्या गरिएको छ । सामान्यतया मानव व्यवहारमा पनि सूर्योदयकाल पूर्व नै ब्रह्म मुहूर्तदेखि शौच, स्नान, सन्ध्या आदि नित्य कर्म सुरूवात गर्नुपर्ने विधि निर्देश भएझैँ धार्मिक कार्य सम्पादनका लागि पनि देवलोकको मध्यरात्रिपश्चात् सूर्योदयोन्मुखकालदेखि मध्यदिनसम्मको अवधि अर्थात् उत्तरायणलाई शुभ मानिएको देखिन्छ ।**

पुराणहरूमा भनिएको छ– तैः षड्भिरयनं वर्षं द्वेऽयने दक्षिणोत्तरे । अयनं दक्षिणं रात्रिर्देवानामुत्तरं दिनम् ॥१०॥ (तृतीयोऽध्यायः, प्रथमोंऽशः, विष्णुपुराणम्)द्वौ तावृतुः षडयनं दक्षिणं चोत्तरं दिवि ॥११॥ अयने चाहनी प्राहुर्वत्सरो द्वादश स्मृतः । (एकादशोऽध्यायः, तृतीयःस्कन्धः, श्रीमद्भागवतमहापुराणम्) **उत्तरायण र दक्षिणायन मिलेर एक सौर वर्ष हुन्छ । जसमा दक्षिणायन देवताको रात्रि हो भने उत्तरायण देवताको दिन हो भन्ने पुराणको मत देखिन्छ ।**

नेपालमा पनि सरकारी निकायबाट स्वीकृत पञ्चाङ्गहरूमा निरयण गणनालाई आधार मानेर माघ सङ्क्रान्तिबाट उत्तरायण सुरू र श्रावण सङ्क्रान्तिबाट दक्षिणायन सुरू भनी उल्लेख गरिएको छ । जसलाई पौराणिक वचनहरूले पनि समर्थन गरेका छन्– कर्कटावस्थिते भानौ दक्षिणायनमुच्यते । उत्तरायणमप्युक्तं मकरस्थे दिवाकरे॥६८॥ (अष्टमोऽध्यायः, द्वितीयोंऽशः, विष्णुपुराणम्) **यही उत्तरायणको अवधिलाई नै आधार मानेर पञ्चाङ्गकार हरूले चूडाकर्म, व्रतबन्ध, गृहप्रवेशलगायतका धार्मिक कृत्यका लागि मुहूर्तहरू पनि निर्धारण गर्दछन् । यसरी धार्मिक कार्य सम्पादनका लागि निरयण गणना पद्धति अङ्गाल्ने अभ्यास नेपाली समाजमा रहेको देखिन्छ ।❖**

सन्दर्भसामग्री

पराशरः, विष्णुपुराणम्, श्री मुनिलाल गुप्त(अनु., नवौँ संस्क.), गीताप्रेस, वि.सं २०४१ ।

भास्कराचार्यः, सिद्धान्तशिरोमणिः, प. सत्यदेव शर्मा (सम्पा.), चौखम्बा सुरभारती प्रकाशन, वाराणसी, ई २०२३ ।

व्यासः, श्रीमद्भागवतमहापुराणम्, गीताप्रेस, वि.सं २०७५ ।

सूर्यसिद्धान्तः, कपिलेश्वर शास्त्री (सम्पा.), चौखम्बा संस्कृत भवन, वाराणसी, ई.२०१५ ।

विमर्श सभा सम्पन्न

महेश संन्यास आश्रमका पीठाधीश रमणानन्द गिरिको परिकल्पना तथा संकल्पमा बृहत् पाशुपत पदयात्रा सञ्चालन हुने भएको छ । तीर्थमहिमा, धर्मजागरण तथा आध्यात्मिक पर्यटनको विस्तार गर्ने उद्देश्य सहित सबै सम्प्रदायका आचार्य, साधुसन्त, गुरूहरू तथा भक्तसमुदायको सहभागितामा पदयात्रा सञ्चालन गर्न लागिएको हो । सो पदयात्रा यही चैत्र-नवरात्रपश्चात् अर्थात् रामनवमीलगत्तै चैत-वैशाख महिनाभित्र सकिने गरी सञ्चालन गरिने बताइएको छ ।

पदयात्राका सम्बन्धमा विमर्श गर्ने उद्देश्य सहित गत माघ २० गते पशुपतिक्षेत्र शङ्कराचार्यमठमा 'बृहत्-पाशुपत-परिक्रमा' विमर्शसभा समेत आयोजना गरिएको छ । महेश संन्यास आश्रमका पीठाधीश तथा पदयात्राका परिकल्पनाकार रमणानन्द गिरीको अध्यक्षतामा सम्पन्न विमर्शसभामा डा. रूद्रानन्द ब्रह्मचारी, संस्कृतिविद् प्रा.डा. जगमान गुरूङ, प्राध्यापक भवानीप्रसाद खतिवडा लगायतका विशिष्ट विद्वानहरूको उपस्थिति रहेको थियो ।

सभामा प्रा. भवानीप्रसाद खतिवडाले पाशुपत-परिक्रमा तथा ६४ ज्योतिर्लिङ्गदर्शन कार्यक्रमलाई भव्यतापूर्वक सफल बनाउन समस्त अध्यात्मप्राण धर्मानुरागीलाई विशेष आह्वान गर्नु भयो । मन्तव्यका क्रममा उहाँले चौसट्ठी लिङ्ग रहेका विभिन्न जिल्लाका स्थानहरूमा स्थानीयलाई सहभागी गराउनका लागि विभिन्न स्वागत-समिति तथा सहयोग व्यवस्थापन उपसमिति गठन गर्नुपर्ने जसले गर्दा स्थानीय जनसमुदाय जागरूक र अध्यात्मप्रति अभिप्रेरित हुने बताउनुभयो । हिमवत्खण्ड लगायतका पौराणिक ग्रन्थमा वर्णित विक्षिप्त विरूपाक्षलाई पापमोचनका लागि नेमुनिले ६४ ज्योतिर्लिङ्गको दर्शन गराएको प्रसङ्ग उल्लेख गर्दै लिङ्ग-दर्शन-यात्रा शास्त्रसम्मत रहेको श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानका महासचिव प्रमोद मिश्रले बताउनुभयो ।

पाशुपतक्षेत्रको ६४ शिवलिङ्गका बारेमा अध्ययन, अनुसन्धान तथा अनुष्ठान गर्दै आउनुभएका अध्यात्मसाधक श्याम सुवेदीले पशुपतिको आसपासका १० जिल्ला (काठमाडौँ, भक्तपुर, ललितपुर, काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली, धादिङ, दोलखा, नुवाकोट, मकवानपुर) मा रहेका ६४ लिङ्गहरूको स्थानगत पहिचान, नामगत किटान र उपासनाको स्वरूप र फल आदिका बारेमा शास्त्रीय प्रमाण र सामाजिक जनश्रुतिमा आधारित रही अनुसन्धानमूलक जानकारी प्रस्तुत गर्नुभएको थियो ।

स्वर्गद्वारी आश्रमका उत्तराधिकारी डा. रूद्रानन्द ब्रह्मचारीले पशुपतितत्त्वका बारेमा प्रकाश पार्दै पशुपतिक्षेत्रको लघुपरिक्रमा, मध्यम परिक्रमा र बृहत् परिक्रमाका बारेमा बताउनुभयो । उहाँले सन्तको सत्सङ्कल्पमा आयोजना हुन लागेको यो पाशुपत परिक्रमा शास्त्रसम्मत रहेको र यसको आयोजनाबाट नेपाली समाजलाई तीर्थमहिमाको बोध हुने, यात्रामा सहभागिताले स्वकल्याणका साथै समाज कल्याण तथा राष्ट्रकल्याण हुने शुभाशंसा प्रकट गर्नुभएको थियो ।

सभाका विशिष्ट अतिथि संस्कृतिविद् प्रा.डा. जगमान गुरूङले नेपाल-देश शिवधाम तथा पशुपतिरक्षित पुण्यभूमि रहेको उल्लेख गर्दै बृहत् पाशुपत पदयात्राले सुसुप्त अवस्थामा रहेका समस्त नेपालीलाई स्वधर्म, स्वसंस्कृति, स्वअस्तित्व र स्वपहिचानप्रति गौरव गर्नका लागि जागरण ल्याउने विश्वास प्रकट गर्नु भएको थियो । पाशुपतक्षेत्रको महिमा बुझाएर जनतालाई जागरूक बनाउँदै धर्मराष्ट्रका रूपमा नेपाललाई पुनःस्थापित गर्न यस किसिमको आध्यात्मिक पदयात्रा तथा तीर्थभ्रमणले महत्त्वपूर्ण भूमिका खेल्ने उहाँको भनाइ थियो ।

पदयात्राका परिकल्पनाकार तथा विमर्शसभाका अध्यक्ष स्वामी रमणानन्द गिरिले ६४ सिद्धलिङ्गको दर्शनको अवसरलाई सदुपयोग गर्न समस्त अध्यात्मानुरागी तथा

धर्मप्राण महानुभावलाई विशेष आग्रह गर्नु भयो । पशुपतिनाथ राष्ट्रदेव भएकाले पशुपतिसमक्ष जनताका तर्फबाट क्षमायाचनासहित राष्ट्रकल्याणको पवित्र उद्देश्यले आयोजना हुने यस पदयात्रालाई सबैले राष्ट्रिय महोत्सवका रूपमा लिनु पर्ने, स्थानीयजनसमुदायले यसलाई भव्य बनाउनका लागि प्राणिग्राहको भूमिका निर्वाह गरी भरथेग गर्नु पर्ने बताउनुभयो । पदयात्राका क्रममा राष्ट्रदेवको अर्चनाले एकसाथ देवऋण तथा मातृभूमिऋण चुक्ता हुने उहाँको भनाइ थियो ।

विद्वत्सभा सम्पन्न

राष्ट्रिय कथाव्यास समाजद्वारा गत माघ १० गते विद्वत् सभा आयोजना गरिएको छ । कार्यक्रममा प्रा. भवानीप्रसाद खतिवडाले 'नित्य नैमित्तिक प्रायश्चित्त काम्यादि कर्मको शास्त्रीय स्वरूप र कर्तव्याकर्तव्य विचार' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सो कार्यपत्रमा प्रा.डा. देवमणि भट्टराई, प्रा.डा. गुरूप्रसाद सुवेदी, प्रा. दीपक पराजुली, सहप्रा. डा. रघुनाथ नेपाल, डा. यादव गर्तौलाले टिप्पणी प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा सहभागीले पनि कार्यपत्रमा आफ्नो शास्त्रीय प्रमाणसहित विचार राख्नुभएको थियो । कार्यक्रममा प्राप्त टिप्पणी र सुझावलाई समेटेर आधिकारिक निर्णयलाई आगामी दिनमा सर्वसाधारण जनसमक्ष ल्याउने राष्ट्रिय कथाव्यास समाज जनाएको छ ।

शिवपार्वती तथा पशुपति रथयात्रा गरिने

विगत वर्षहरूमा जस्तै यस वर्ष पनि महाशिवरात्रि पर्व २०८२ को पूर्व सन्ध्यामा शिवपार्वती तथा पशुपति रथयात्रा आयोजना गरिने भएको छ । योगी नरहरिनाथ ट्रष्ट लगायतका संघसंस्थाले आयोजना गर्ने सो रथ यात्रा यही फागुन २ गते शनिवार सिद्धेश्वर मा.वि., वागमती क्याम्पस (तिनकुने जाने वागमतीको पुलसँगै)बाट प्रारम्भ भई काठमाडौंका विभिन्न स्थानको परिक्रमा गर्दै भगवान् पशुपतिनाथको दर्शन गरी सोही स्थानमा आएर समापन गरिने आयोजक समितिले जनाएको छ । सम्पूर्ण नेपालीहरूले आफ्नो मौलिक धर्म, संस्कृति र परम्पराको संरक्षण गर्न प्रेरणा मिलोस् भन्ने हेतुले झण्डै दुई दशकदेखि यस प्रकारको रथयात्रा आयोजना गर्दैआएको योगी नरहरिनाथ ट्रष्टका अध्यक्ष शङ्कर पौडेल बताउनुहुन्छ ।❖

पशुपतिको भेटी

पशुपति क्षेत्र विकास कोषले वि.सं. २०६८ सालको चैत २६ गते एउटा नियमावली लागु गरी पशुपतिनाथमा भक्तजनले श्रद्धाले चढाउनुभएको भेटिघाटीलाई गणना गरी पशुपतिनाथको आम्दानीको रूपमा बाध्ने क्रम शुरू गरेको हो । नियमावली लागु गरिए पनि पशुपति मन्दिर परिसरका सम्पूर्ण मठमन्दिर एवम् देवालयहरूको भेटिघाटी भने गणनामा समावेश भएको छैन । नियमावलीको कार्यान्वायन पछि श्रीपशुपतिनाथ मन्दिर, नवग्रह, हनुमान, बूढानीलकण्ठ र वासुकीनाथ भगवान्लाई चढाइएको भेटिघाटी नियमावलीले समेटेको छ । गौरीले सुरूवाती समयदेखि नै भेटिघाटीको मासिक विवरण प्रकाशित गर्दैआएको थियो । कोरोना महामारीपछि केही वर्ष छुटे पनि अबका दिनमा नियमितता दिने प्रयत्न गरेका छौं ।

पशुपतिनाथ मन्दिरमा सङ्कलित
भेटिघाटी (२०८२ माघ)

मिति	रकम	मिति	रकम
१०–०१	२१९६४०	१०–१५	२६३२९०
१०–०२	२२१२९५	१०–१६	२४७५९०
१०–०३	३३२५१६	१०–१७	२६०२०९
१०–०४	२७४५५२	१०–१८	३२६९५६
१०–०५	३१८२८८	१०–१९	४५६७००
१०–०६	३११४६३	१०–२०	३३६७९४
१०–०७	१९६१०९	१०–२१	२६६३१८
१०–०८	२६५६२८	१०–२२	३८१३००
१०–०९	२०६८३१	१०–२३	२६३६१०
१०–१०	२६२७०७	१०–२४	३००६९२
१०–११	२८०५८३	१०–२५	३८०१४०
१०–१२	३१४६१४	१०–२६	२९२११४
१०–१३	२६३२९०	१०–२७	२८६२२३
१०–१४	२९४३७६	१०–२८	२८६२२३
		यस महिनाको जम्मा	८११००५१

माथि उल्लेखित रकममा दानभेटी (पशुपतिनाथ मन्दिर), दानभेटी (वासुकी), दानभेटी (हुण्डी), बुढानीलकण्ठ/हनुमान, चन्दन वितरणस्थल, नवग्रहमा चढाइएका रकम तथा जुत्ताचप्पल र शौचालयको दानपेटिकामा जम्मा भएका रकम सङ्कलित छन् ।

स्रोतः आर्थिक प्रशासन शाखा, प.क्षे.वि.कोष

निर्वाचनलाई वातावरणमैत्री बनाऔं ।

- सभा, जुलुस, र्‍याली वा घरदैलोजस्ता कार्यक्रममा प्रयोग भएका सामग्रीको व्यवस्थापन गरौं ।
- निर्वाचन प्रचारप्रसार कार्यक्रम गर्दा वातावरणमैत्री सामग्रीको प्रयोग गरौं ।
- निर्वाचन प्रचारप्रसारमा आमसञ्चार तथा डिजिटल माध्यमलाई प्राथमिकता दिऔं ।
- निर्वाचन प्रचारप्रसारमा सभा, जुलस वा र्‍यालीमा ध्वनि तथा वायु प्रदूषण न्यून गर्ने उपाय अपनाऔं ।
- निर्वाचन प्रचारप्रसारमा प्लाष्टिकजन्य सामग्रीको प्रयोग नगरौं ।
- निर्वाचनका समयमा विद्युतीय सवारीसाधनलाई प्राथमिकता दिऔं ।
- निर्वाचनका समयमा पर्चा/पोष्टर टाँस्ने वा भित्तेलेखन जस्ता कार्य नगरौं/नगराऔं ।
- निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं ।

हरित निर्वाचन अभियानलाई सफल पारौं ।

नेपाल सरकार
विज्ञापन वोर्ड



राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK
आफ्नो भनेको आफ्नै हुन्छ
www.rbb.com.np
RBB
मेरो घर
कर्जा
पुरा हुनेछ तपाईंको आफ्नै घर तथा घडेरि किन्ने सपना
विशेषताहरू:
रू ५ करोड सम्मको कर्जा सीमा
Base Rate मा 1.50% - 2.00% Premium
घर तथा घडेरि किन्न सकिने
विस्तृत जानकारीका लागि नजिकको राष्ट्रिय वाणिज्य बैंकको शाखामा सम्पर्क गर्नसक्नु हुनेछ ।

शुद्ध, सफा र स्वादिष्ट नेपाली भोजनका लागि सदैव सम्झनुहोला ।
त्रिवेणी भोजनालय
क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

Your Printing Solution
"गुणस्तरीय छपाई, सुपथ मुल्य"
किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौं, फोन: ०१-४०२२५४४

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
द्वारा प्रवर्द्धित
STC ग्यााँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रवर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना दुक्क हुनुहोस्
गृहिणी
चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरू

म.क्षे.हु.द.नं. १०/०६७/०६८

महाशिवरात्रि- २०८२

का अवसरमा भगवान् श्रीपशुपतिनाथको दर्शनार्थ पाल्नु हुने भक्तजनहरुलाई अनुरोध !

१.भगवान् श्रीपशुपतिनाथको दर्शनार्थ पाल्नु हुने दर्शनार्थीहरूले बहुमूल्य गर-गहना लगाएर नआउनु हुन अनुरोध छ ।

२.मन्दिर आउंदा झोलाहरू सकभर नल्याउनु हुन र पशुपति क्षेत्रको मापदण्ड बमोजिम प्लाष्टिक झोला, कप, प्लेट आदिको प्रयोग निषेध गरिएकोले त्यस्ता सामानको प्रयोग नगरिदिनु हुन अनुरोध छ ।

३.दुध, गंगाजल जस्ता सामाग्रीका लागि टुट-फूट हुने कांच(सिसा)का भाँडा प्रयोग नगरिदिनु हुन अनुरोध छ ।

४.श्रद्धालु भक्तजनहरूको सुविधाको लागि दर्शनमार्ग पिच्छे छुट्टाछुट्टै स्थानमा जुत्ता-चप्पल सुरक्षा कक्षको व्यवस्था गरिएकाले तोकिएको कक्षमा जुत्ता-चप्पल राखेर मात्र मन्दिर प्रवेश गरिदिनु हुन अनुरोध छ ।

५.आराध्यदेव भगवान् श्रीपशुपतिनाथको दर्शन गरिसकेपछि छिटो भन्दा छिटो मन्दिर परिसर बाहिर निस्किदिनु भई भिड हुन नदिन सहयोग गर्नुहुन अनुरोध छ ।

६.श्रीपशुपतिनाथका मन्दिर प्राङ्गणमा सबै प्रकारका मोवाइल फोन, क्यामरा आदि सामाग्रीको प्रयोग निषेध गरिएको व्यहोरा सम्पूर्ण भक्तजनहरूमा सादर अनुरोध गरिन्छ ।

७.छालाका सामान, जुत्ता, चप्पल, ज्याकेट, कम्मरपेटी लगाएर मन्दिरमा प्रवेश निषेध भएकोले त्यस्ता सामानहरू तोकिएको सुरक्षित स्थानमा राखेर मात्र मन्दिर दर्शन गर्नुहुन अनुरोध छ ।

८.पाकेटमारादेखि सावधान रहनुहोला र आफ्नो सामानको सुरक्षा आफै गर्नुहोला ।

९.कुनै पनि तीर्थयात्री अस्वस्थ भएमा स्वास्थ्य शिविरमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

१०. कुनै सामान वा व्यक्ति हराएमा तुरून्त प्रहरी शिविर वा खोजखबर कक्षमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

११. तीर्थयात्रीहरूलाई कुनै समस्या आइ परेमा तुरून्त स्वयंसेवक र सुरक्षाकर्मीसँग सम्पर्क गनुहुन अनुरोध छ ।

१२. मन्दिर र मेला क्षेत्रलाई स्वच्छ र सफा राख्न जथाभावी फोहोर नगरौं, निर्दिष्ट स्थानमा रहेका शौचालयहरूको प्रयोग गर्नुहोला ।

१३. शारीरिक रूपमा असक्त, जेष्ठ नागरिकहरूलाई सहज दर्शनको निम्ति सहयोग पुऱ्याइ दिनुहुन अनुरोध छ ।

१४. मन्दिर दर्शनको निम्ति कुनै प्रकारको विशेष टिकट या पासको व्यवस्था नगरिएको हुँदा पङ्तिबद्ध भएर दर्शन गरिदिनुहुन भक्तजनहरूमा अनुरोध छ ।

१५. पङ्तिबाट दर्शन गर्दा समेत अरूको अधिकारको हनन हुने व्यवहार नगर्नुहुन अनुरोध छ ।

पवित्र तीर्थस्थलको मर्यादा कायम गर्न सबैले सहयोग गरौं

पशुपति क्षेत्र विकास कोष
गौशाला, काठमाडौं,